# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुजाति, बहुभाषिक, बहुधार्मिक एवम् जनजाति भएको मुलुक हो । भौगोलिक जटिलता एवम् प्राकृतिक विविधताले पूर्ण यो देश क्षेत्रफलको हिसाबले सानो र आर्थिक रूपले पिछडिएको भएता पनि कला संस्कृति, भेषभुषा र धर्मले धनी मानिएको छ । नेपालमा हिमाल, पहाड र तराईमा हावापानी बेग्ला बेग्लै हुने हुँदा यहाँ बसोबास गर्ने मानिसहरूले पनि वातावरण अनुकुल आ-आफ्नो संस्कृति रहन सहन र विभिन्न खानपानको तरिकाहरू अबलम्बन गरेका छन् । विभिन्न जातजातिले आ-आफ्नो स्थानमा रहेर काम गरी नेपाली समाजमा प्रकार्यात्मक एकता कायम भएको छ । यति भएता पनि जातिय आधारमा भेदभाव एवम् छुवाछुत अझै कायम रहेको छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजाति मध्ये दलितहरू पनि एक हुन र त्यस मध्येमा पनि सार्की जाति झन पछाडि परेको देखिन्छ । नेपालमा दलितहरूको बारेमा दलित समुदाय र गैर दलित समुदायले बेला बेलामा दलित शब्दलाई विभिन्न तरिकाहरूबाट परिभाषित गरेको पाइन्छ । यसको साथ साथै दलित शब्दले नै विभिन्न समयमा विभिन्न अर्थले विभिन्न बाटोहरू बनाएको पाइन्छ । यो एक यस्तो समुदाय हो, जुन समुदाय आर्थिक सामाजिक, सांस्कृतिक र धार्मिक रूपले पिडीत हुन्छन् । दलित शब्दको अर्थको रूप चाही दबिएर बस्नु हुन्छ । त्यसैले समाजमा अन्य जाति भन्दा दबिएर बसेको समुदाय नै दलित हो । दलित भनेको पानी नचल्ने तल्लो स्तरको समुदाय हो । जे होस् हिन्दु वर्ण व्यवस्थामा आधारित नेपालको जातिय व्यवस्थामा शुद्र समुह भित्र पर्ने अछुत पानी नचल्ने जातहरू नै दलित जातिहरू हुन् । दबिएका थिचिएका दलित वर्ग अन्य जाति भन्दा पछि परेको असमान रूपले शोषणमा परेको अन्य जाति सरह अधिकारबाट वञ्चित सामाजिक रूपले पछाडि परेको समाजका सामाजिक कार्यका भेदभाव सहन बाध्य समुदाय नै दलित समुदाय हुन् ।

विश्वमा चार मानव प्रजाति आर्य, मंगोल आष्ट्रेली र द्रविड परिवारका जातजातिहरू नेपालमा बसोबास गर्दै आएको पाइन्छ । वि. सं. २०६८ को जनगणना अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ मध्ये पुरुष १,२८,४९,०४१ र महिला १,३६,४५,४६३ ।

नेपालमा बसोबास गर्नेहरू विशेषतः आर्यन र मंगोलियन मानव प्रजातिका भए पनि अन्य जातिको पनि बाहुल्यता पाइन्छ । २०६८ को जनगणनाले नेपालमा १२६ जातजाति रहेको जनाएको छ । जहाँ क्षेत्री सबैभन्दाबढि भएको जाति (१६.६%), त्यसैगरी ब्राम्हण (१२.२%), मगर (७.१%) थारु

(६.६%), तामाङ (५.८%), नेवार (५.०%), कामी (४.८%), मुसलमान (४.४%) यादव (४.०%), राई (२.३%) र सार्की (१.४१%) रहेको छ– के.त.बि २०६८)।

नेपालको जातिय व्यवस्थामा छुवाछुतको अवधारणा लिच्छवि कालदेखि नै शुरु भएको मानिएता पनि यसको वैधानिकता एघारौं शताब्दी पछि मात्र भएको हो । एघारौं शताब्दी तिर भारतमा फष्टाएको हिन्दु जातिय व्यवस्थालाई अंगालेको भारतीयहरू मुस्लिम आक्रमण पछि नेपाल भागेका राजपूतहरू भारतबाट नेपालको तराइ, पहाड हुदै बाग्मती उपत्यकामा छुवाछुत प्रथा, जातपात संस्कृतिको अवधारणा र जात अनुसारको काम विभाजनको अवधारणा लिच्छवि कालमा नै भएको थियो । जातिय व्यवस्थालाई वैधानिकता प्रदान गर्नेमा जयस्थिति मल्लको नाम पहिले आउछ । उनले मनुस्मृति ग्रन्थमा आधारित रहेर नेपाली समाजलाई पून संगठित बनाएका थिए ।

नेपालमा बसोबास गर्ने सार्कीहरूको जनसंख्या पुरुष १,७२,४३८ र महिला २,०२,३७८ गरी जम्मा ३,७४,८१६ रहेको देखिन्छ (के. त. वि. २०६८)। त्यस्तै जातिगत आधारमा जनसंख्याको हिसाबले यो जाति अली पछाडी रहेको देखिन्छ । आर्य संस्कृति अर्न्तगत पर्ने जातजातिलाई संक्षिप्त शब्दमा 'वाक्षकादशा' (बाहुन, क्षेत्री, कामी, दमाई, सार्की) भनिन्छ । समुदायमा यिनिहरूको स्थान अछुत, तल्लो वर्गको रूपमा राखिएको छ किनकी यिनीहरू फोहोर सम्बन्धि काम गर्छन् जस्तो मरेको जनावरको मासुखानु तथा तिनका छाला निकाली जुत्ता बनाउनु (Caplan, 1972) ।

घिमिरे (२०५६) का अनुसार राम शाहले (ई १६०६-३६) जातिय व्यवस्थालाई समय अनुकुल हुने गरि ४ वर्ण छत्तिस जातमा वर्गिकरण गरि जातजात र छुवाछुत प्रथालाई सामाजिक नियम कानुनको रूपमा लागु गराए । पृथ्वीनारायण शाहले नेपाल एकीकरण संगसंगै छुवाछुतमा आधारित एक हिन्दु राज्यको अवधारणा विकास गरे । राजा सुरेन्द्रविक्रम शाहको पालमा जंगबहादुर राणाद्वारा लिखित पुरानो मुलुकी ऐन १९१० लागु गरे पछि नेपालमा र जातिका जातिय वर्गिकरण गरिएको पाइन्छ । जुन वर्ण व्यवस्था निम्न प्रकारको छ ।

१. तागाधारी जनै लगाउनेः उपाध्याय बाहुन, बाहुन ठकुरी क्षेत्री, राजोपाध्याय (देवभाजू) नेवारहरू, इन्डियन ब्राम्हण, जैशी ब्राम्हण, उच्च श्रेष्ठ समुह र जोशी नेवार ।

२. मतवाली (जाँड रक्सी सेवन गर्ने) :

क) नमासिने मतवाली :

तिब्बतीयन तामाङ, थारु र केही पहाडी जनजातिहरू ।

३. पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने ।

खड्की, कपाली, रजक, चर्मकार, मुस्लिम, कुलु, मधेसी, तेली र पश्चिमीहरू ।

४. पानी नचल्ने छोइछिटो हाल्नु पर्ने : कामी, सुनार, सार्की दमाई, वादी, गन्दर्व, च्यामे पोडे ।

वि. सं. १९१० को मुलुकी ऐनले जातिय प्रथालाई कानुन बनाई सबै नेपाली समाजलाई चार तहमा बाडी तत् अनुसार कार्य विभाजन गरियो । जस अनुसार बाहुनको काम पूजापाठ गर्नु, क्षेत्रीको काम राज्य संचालन गर्नु, वैश्यको काम व्यापार तथा कृषि गर्नु र शुद्रको काम आफू भन्दा माथिका अन्य सबै जातको सेवा गर्नु रह्यो । मुलुकी ऐनले भनेको जातमा आधारित रहेर बढी वा घटी सजाय दिने कानुन समेत थियो । तात्कालीन शासकहरूले धर्मशास्त्रमा आधारित भएर मानिसहरूलाई नै पानी चल्ने र पानी नचल्ने जातहरूलाई दलित शब्दबाट सम्बोधन गर्न थालियो । जस अनुसार दलित वर्गमा पहाडमा दमाई, कामी, सार्की, गाइने, पोडे, च्यामे आदि जातिलाई दलित वर्गमा परिणत गर्न थालियो । त्यस्तै तराइमा लोहार, चमार, डोम, कडरा, मुसहर, आदिलाई दलितको रूपमा परिभाषित गरियो (राष्ट्रिय दलित आयोग, २०६०) ।

वि. सं. २०२० मा जब पुरानो मुलुकी ऐनलाई हटाएर नयाँ मुलुकी ऐन लागु गरियो त्यसमा पनि जातपात, छुवाछुतको भेदभावलाई हटाईने सैद्धान्तिक नारामा मात्र सीमित पारियो । दलित माथि हुने छुवाछुतको व्यवहारमा रत्ति पनि कमी आएन । नेपालको अन्तरिम संविधान २०६३ ले सबै नागरिकलाई समान रूपले हेरेको छ । धर्म, जात, वर्णको आधारमा कसै माथि पनि छुवाछुत र भेदभाव गर्न नपाइने भनिएको छ । तर त्यो कानुनमा मात्रै सीमित छ । नेपाली समाजमा जाति प्रथाले जरो गाडेको हुँदा यसैको आधारमा छुवाछुतको भेदभाव अझै पाइन्छ ।

यसै सन्दर्भमा वर्तमान अध्ययनले श्री कृष्ण गण्डकी गा. वि. स. वडा नं. २ का सार्की जातिको सामाजिक सांस्कृतिक र आर्थिक जीवनशैली र तिनमा आएको परिवर्तनको बारेमा यस शोधपत्रमा उल्लेख गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक सानो देश भए तापनि सांस्कृतिक भाषिक विविधता रहेको छ । यहाँ विभिन्न जातजातिहरू बसोबास गर्दछन् । कतिपय जातजातिहरू यहाँका आदिबासी हुन् भने कटितपय जातजातिहरू बसाँई सरी आएका हुन् । आर्यनहरू अग्ला गोरा र लामो चुच्चा नाक भएका जातिको रूपमा चिनिन्छन् । जस अन्तर्गत बाहुन, क्षेत्री सन्यासी, कामी, दमाइ, सार्की, गाइने बादी आदि

जातिमा पर्दछन् । यसरी एउटै आर्य समुदाय भित्र भएर पनि कार्य विभाजन नियम अनुसार उपल्लो जात र तल्लो जातमा भेदभाव गरी जातिय स्तरीयता कायम भएको छ । हिन्दु धर्मको जातिय विशेषताबाट तल्लो तथा छुवाछुतको अन्धविश्वासको मारमा परेको विभिन्न दलित जातिमध्यको एक सार्की जाति पनि हो । सार्की जाति आर्थिक, सामाजिक, प्रशासनिक, शैक्षिक न्यायिक जस्ता विविध क्षेत्रमा भेदभावको सिकार बन्दै आएको छ । यस्तो किसिमले गरिने भेदभाव शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा व्याप्त छ । समाजमा उच्च मानिने जातिहरूद्वारा सामाजिक, आर्थिक, राजनीतिक रूपमा दलित जातिलाई पछाडि पार्दै आएका छन् । यि दलित जातिहरू आफ्नो परमपरागत पेशा तथा सेवामुलक काम गर्ने गर्दछन् । समाजको जुन-जुन ठाउँमा बाहुन क्षेत्री बसोबास गर्दछ् त्यही ठाउँमा यी दलित जातिहरूपनि बसोबास गर्दछन् । बाहुन क्षेत्री उच्च जातमा पर्ने हुँदा राज्यको क्षेत्र क्षेत्रमा उनीहरूकै दवदवा रहेको छ । सार्कीहरूको आर्थिक अवस्था न्यून र सामाजिक रूपले तल्लो दर्जाका मानिन्छन् । राजनीतिक रूपमा अगाडि आउन सकेका छैनन् । त्यसैले उनीहरूको जीवनशैलीमा र परिवर्तनको आवश्यकता छ ।

नेपालमा बसोबास गर्ने सार्की जाति सामाजिक, आर्थिक, सांस्कृतिक एवम् राजनैतिक रूपमा पछाडि परेका छन् । शिक्षामा यिनीहरूको पहुँच ज्यादै न्यून रहेको छ । यसको साथै जनचेतनाको कमीले गर्दा आवाज बिहीन छन् । राजनैतिक क्षेत्रमा पनि यीनिहरू केवल गा. वि. स. को वडा सदस्य पदमा मात्र पुगेका छन् । त्यस्तै गरी विभिन्न क्षेत्रमा पनि यिनिहरूको पँहुच पुग्न सकेको छैन । यि दलित वर्ग तथा सार्की जातिको राज्यको विभिन्न क्षेत्रमा पनि पहँच पुग्न सकेको छैन । सार्की जातिको उत्थान गर्नका लागि राज्यले उचित आरक्षण दिनु आवश्यक छ । त्यस्तै यी दलित जातिहरूको लागि विभिन्न क्षेत्रमा जस्तै शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक न्यायिक र राजनैतिक क्षेत्रमा विभेद यथावतनै छ । त्यसैले यस्ता विभेद अन्त्यको लागि राज्यले नीति नियम कोटा निर्धारण गरेर केहि हदसम्म हटाउने प्रयास गर्नु पर्ने देखिन्छ ।

अहिले आएर समय सँग सँगै केहि परिवर्तनका रेखाहरू देखिन थालेका छन् । शैक्षिक क्षेत्रमा केहि सुधार आउन थालेको छ । राजनैतिक रूपमा चेतनशील हुन थालेका छन् । यि विविध कारणले यीनिहरूको जीवनशैलीमा केहि प्रभाव एवम् परिवर्तन हुन थालेको छ । त्यस्तै आधुनिकिकरण, पश्चिमीकरण, शिक्षा, बसाइ सराई, संचार, माध्यममा पहुच बाह्य समाज सँगको सम्पर्क आदि कारणहरूले यिनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक पक्षहरूमा केहि परिवर्तन आएको महशुस भएको छ ।

यसरी यिनीहरूमा परिवर्तन देखिएता पनि उपल्ला जातिहरूको दमन, अछुत भनेर अपमान गर्ने प्रवृत्ति, मन्दिर, कुवा, इनार, धारा आदि सार्वजनिक ठाउँहरूमा प्रवेश रोक यथाबत नै रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मूख्य उद्देश्य श्री कृष्ण गण्डकी गा. वि. स. वडा नं. २ का सार्की जातिको विभिन्न पक्षको बिश्लेषण गरी संक्षिप्त चिनारी गराउनु रहेको छ । यस शोधका खास उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) सार्की जातिको सामाजिक तथा आर्थिक पक्षको विश्लेषण गर्नु ।

ख) सार्की समूदायको सामाजिक र साँस्कृतिक पक्षको विश्लेषण गर्नु ।

ग) सार्की जातिको आर्थिक अवस्था र त्यसमा आएको परिवर्तनको कारण खोजी त्यसले पारेको प्रभाव बारे अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्त्व

यस शोधमा परम्परागत रूपमा दलित, अछुत पानी नचल्ने छोइछिटो हाल्नु पर्ने सार्कीजातिको सामाजिक आर्थिक तथा सांस्कृतिक स्थितिको बारेमा विश्वसनिय रूपमा अध्ययन गरिने हुँदा झनै महत्वपूर्ण हुन सक्छ । आफ्नै मूल्य मान्यतामा हुर्कीएका कुनै दलित समूदाय अगाडि आउन सफल भएका छन् भने कुनै देशको कुना कन्दरामा उपेक्षित अवस्थामा रहेका छन् । यसैले यसरी अपहेलित उपेक्षित र पिछडीएका दलित जातिहरू मध्येमा पनि सार्की जातिको जीवनशैली सामाजिक परिवर्तनका कारक तत्वहरू जस्तैः आधुनिकीकरण, शहरीकरण, यातायात, शिक्षा आदिले उनीहरूको पेशामा परिवर्तन ल्याएको छ । यसकारण सार्कीजातिको अध्यनबाट उनीहरूको समस्यालाई उजागर गरी समस्या समाधानको उपायको बारेमा सुझाव समेत प्रस्तुत गरिने हुँदा यसको अध्ययन औचित्यपूर्ण रहनेछ । साथै यस विषयमा अध्ययन गर्न चाहने पछिल्ला पिंढीहरूलाई थोरै भए पनि यस शोधले सहयोग पुग्नुका साथै समाजशास्त्र विषयको विकासमा सानो इट्टा थप्नका लागि सहयोग गर्ने छ ।

## १.५ अध्ययनको सिमा

यस अध्ययनले नेपालमा बसोबास गर्ने सम्पूर्ण दलित जाति विशेष गरेर सार्की जातिको पुरा प्रतिनिधित्व गर्न सक्दैन, यो एक प्रकारको सानो आकारको अध्ययन मात्र हो । यस श्री कृष्ण गण्डकी

गा. वि. स. वडा नं. २ को सार्की जातिको जीवनशैली सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनको बारेमा विश्लेषण गर्नु यसको प्रमुख क्षेत्र हो भने अन्य आधारमा विश्लेषण नगर्नु यस शोधको निश्चित सीमा रहेको छ ।

# अध्याय- दुई

## २.१ पूर्व साहित्यको समीक्षा

यो शोधपत्र तयार गर्नेका लागि अध्ययन एवम् अनुसन्धान गर्दा त्यस विषयसँग सम्बन्धित अन्य सन्दर्भ साहित्यको अध्ययन गरी आफूलाई आवश्यक ज्ञान लिनु पर्दछ जसले गर्दा अध्ययन अनुसन्धान गर्न सजिलो हुन जान्छ । नेपाल एक बहुभाषिक बहुसांस्कृतिक मूल्यमान्यता, चाडपर्वमा धनी मानिएको देश हो । त्यसैले यहाँको सामाजिक, सांस्कृतिक पृष्ठभूमीलाई विभिन्न कोणबाट विभिन्न समयमा समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अनुसन्धान गरिएको पाइन्छ ।

क्षेत्रफलको हिसाबले सानो देश भएतापनि विविधताले भरिएको देश हो । जसले गर्दा समाजशास्त्रीय एवम् मानवशास्त्रीय दृष्टिकोणले अध्ययन अनुसन्धान लागि स्वर्गनै मानिन्छ । नेपालमा विभिन्न जातजातिको बसोबास रहेको छ । उनीहरूको आ-आफ्नै प्रकारका कला संस्कृति मूल्य मान्यता रहेको छ । यसैले यसको अध्ययन गर्नु जरुरी छ । नेपालमा भाषिक सामाजिक सांस्कृतिक, आर्थिक विविध विविधता भएतापनि यहाँ समाजशास्त्रीय एवम् मानवशास्त्रीय अधययनको सुरुवात भएको धेरै समय भएको छैन । राणाकालमा केही अध्ययन अनुसन्धान भएता पनि समाजशास्त्रीय एवम् मानवशास्त्रीय दृष्टिकोणबाट नभइ धर्म प्रचारका लागि, राजनैतिक फाइदाका लागि पर्यटकीय दृष्टिकोणको लागि र बजार व्यवसाय, बिस्तारका लागि गरिएको थियो । वि. सं. २००७ सालमा प्रजातन्त्र आएपछि नेपालमा विदेशीहरूको आगमन बढ्यो र विदेशी तथा स्वदेशी विद्वानहरूले त्यसपछि मात्र समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अनुसन्धानमा बढिचासो लिएको देखिन्छ । त्यसैको फलस्वरूप विभिन्न जातजातिको अध्ययनको शुरु हुन थाल्यो । यस्ता विद्वानहरूमध्ये एल् क्याप्लन (१९७०), एस् ओटनर (१९७३) आदिलाई प्रमुख मानिन्छ भने नेपाली विद्वानहरूमा जि. एस नेपाली (१९६५), डा. प्रेम कुमार खत्री (२०३६) डा. नविन कुमार राइ (१९७५) प्रो. डोरबहादुर विष्ट (१९६७) प्रो. डा. ऋषि केशव राज रेग्मी (१९८५) प्रो. डा. डिल्ली रमण रेग्मी (१९८४) प्रा. डा. गणेशमान गुरुङ (१९८२) आदि रहेका छन् ।

विभिन्न विद्वान तथा समाजशास्त्री मानवशास्त्रीहरूले शुद्रवर्णमा पर्ने सार्की जातिको बारेमा अध्ययन अनुसन्धान गरेतापनि उनीहरू मै केन्द्रित भएर कुनै पनि पुस्तक लेखेको पाइएन । यि विद्वानहरू जस्तै Bista (१९७६), Blaikie (१९८०), Caplan (१९७२) आदि विद्वानहरूले आफ्नो पुस्तक मार्फत थोरै भए पनि सार्कीको बारेमा उल्लेख गरेका छन् सिजापति (१९८२) यसै सन्दर्भमा संस्कृतिकरण, आधुनिकीकरण तथा पश्चिमी करणका प्रभाव सार्की जातिमा परेपछि उनीहरूमा सांस्कृतिक अवस्था र जीवनशैलीमा परिवर्तन भैरहेको आभाष पाइन्छ ।

श्याम कृष्णा जोशीको शोधपत्र (१९१९) मा चिसापानी गा. वि. स. का दमाइ जातिहरूको वर्तमान स्थीति आधुनिकीकरणको कारण यो जातिमा भै रहेको सामाजिक सांस्कृतिक एवम् आर्थिक परिवर्तन बारेमा उल्लेख गरिएको छ ।

Cheetri (१९९९) का अनुसार दलितहरूलाई मन्दिर प्रवेश र कथित माथिल्लो जातिका घर, पसल, गोठ होटलमा समेत प्रवेश निषेधका साथै पानीको मुहान, पानीको भाडा छुन, भोजन र चाडपर्वमा घुलमिल हुन र कथित उच्च जाति कहा दूध बेच्न र पकाएको खान बेच्न समेत प्रतिबन्ध थियो ।

यसै गरि नेपाली जनजीवन शर्मा (२०३९) मा दमाइ कामी सार्की गाइने बादी जस्ता दलितहरूको सामान्य परिचय दिएको र साथै यी दलितहरूले गर्ने परम्परागत काम लुगा सिउनु, फलाम सम्बन्धि काम गर्ने, सिनो फाल्ने तथा छालाको जुत्ता बनाउने पेशाको उल्लेख गरेको भए तापनि समग्रमा यिनीहरूको अध्ययन भएको पाइँदैन ।

राजनैतिक रूपमा सक्रिय नभएका वा नगराइएका छाला सम्बन्धि काम गर्ने भूत, प्रेत बोक्सीमा विश्वास गर्ने शैक्षिक रूपले न्यून आदि अवस्था स्याङ्जाको सार्की जातिमा पाइएको छ पाण्डे (२०५८) ।

यसकारण नेपालमा सार्की अथवा चमारहरूका बारेमा खासै पर्याप्त मात्रामा अध्ययन अनुसन्धान भएको देखिँदैन । सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा भएको भेदभावको कारण दलितहरू शैक्षिक सामाजिक कारण दलितहरू शैक्षिक सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा पछाडि परेको अनुभव गरी उनीहरूलाई अन्य उपल्ला जातहरू बाहुन, क्षेत्री सरह पुऱ्याउन उनीहरूको अधिकारको संरक्षण गर्ने र उनीहरू माथि हुने गरेका छुवाछुतको भेदभाव असमानता हटाउने उद्देश्य अनुरूप २०५८ सालमा गठन भएको राष्ट्रिय दलित आयोगले समय समयमा दलित सम्बन्धी लेख रचना प्रकाशनमा ल्याइरहेको छ ।

सार्की जातिको वर्तमान अवस्था उनीहरूको सामाजिक, सांस्कृतिक आर्थिक पक्षमा देखिएको परिवर्तन र जिवनशैलीको बारेमा यस गा. वि. स. मा खासै पहिले लेखिएका साहित्य वा किताबहरू नपाइए तापनि यहाँको वस्तुस्थितिलाई सकेसम्म सत्यतथ्य नै उतार्ने प्रयास गरिएको छ ।

## २.२ नेपालमा दलित सम्वन्धी अध्ययन

दलित भन्नाले समाजमा सामाजिक आर्थिक राजनैतिक सांस्कृतिक पछाडि परेका जाति हुन भन्न सकिन्छ । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा “दलित भन्नाले समाजमा छुवछुतको भेदभावबाट पिडित भई आर्थिक रूपमा शोषित राजनैतिक रूपमा उपेक्षित शिक्षामा पछाडि परेका धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भईरहेका जातिका व्यक्तिलाई सम्झनु पर्दछ ” (श्री ५ सरकार, २०५९, नेत्री,२०६६ बाट सम्भार) त्यस्तै गरि दलितको बारेमा कुरा गर्दा दलित पछाडि पर्नुमा पुरानै पद्धतिबाट कृषि कार्य गरिनु, कृषि कार्यमा प्रयोग गरिने औजार हात द्वारा निर्माण गर्नु आधुनिक हातहतियार मेसिनसंग घरायसी हातहतियरले प्रतिस्प्रर्धा गर्न नसक्नु खेतिपातिमा चाहिने समान -मल, विउ आदि) समयमा उपलव्ध गराउन नसक्नु “ (Blaikie. 1980)”

यसरी दलित जातिको अवस्थालई खुलाउदै विश्वकर्मा लेख्नु हुन्छ, नेपालमा दलित जातिहरू पनि समाजको माथिल्लो जातिबाट हेपिएको र शोसिएको अनुभव गर्दछन तै पनि यिनिहरूले माथिल्लो जातिको सिधा बिरोध गर्न सकिरहेका छैनन। भारतको अछुत जातिहरूले जस्तो नेपालका अछुत जातिहरू विरोधमा सिधा नउत्रिकन अफ्नो जातिय हित कल्याण गर्न समाजमा आफ्नो जातिहरूलाई पनि समय अवसर दिन समान किसिमाको व्यवहार गर्न वा गराउन नेपाल राष्ट्रिय दलित जनविकास परिषदको स्थापना गरेको छ । यसै दलित जाति मध्य सार्की पनि एक जाति हो । “विश्वकर्मा(२०५७)”

त्यस्तैगरी दलित जातिको शैक्षिक अवस्थाको बारेमा अचार्य भन्नु हुन्छ गरिवि अशिक्षित अभिभावक भएका कारणले धेरै जसो दलितहरू विद्यालय छाड्ने गरेको पाइन्छ । साथै प्राथमिक तहको अध्यानको सिलसिलामा धेरै संख्यामा विधार्थीहरूले पढाईलाई अघि बढाउन नसक्नुमा शिक्षकहरूले विद्यार्थीहरूको मनो-विज्ञान नबुझि गर्ने गलत व्यवहारले हो “(आचार्य २०५८)”। दलित वर्ग भित्र कामि जाति पनि पर्छ । यस जातिको गहन अध्ययन खासै हुन सकेको छैन । कामी जातिको शैक्षिक अवस्था कमजोर भएका कारण विभिन्न अन्धविश्वास छुवाछुत आदिको धारणा अझसम्म विध्यमान छ, मजदुरी गरेर खानु पर्ने वाध्यताका कारण घरमुली बाहिर काम गर्न जाँदा सानै भए पनि भाइ बहिनी हेर्नु पर्ने, भेडाबाख्रा चराउन जानु पर्ने, अलि ठुलो भएपछि ज्यालादारीमा काम गर्न जानु पर्ने भएका कारण प्राथमिक शिक्षा पुरा भएपछि छोरीले स्कुल छाडने गर्दछन “(खत्री २०५८)”।

दमाई पनि दलित जाति भित्र पर्ने एक जाति हो । यस जातिले राष्ट्रलाई दिएको योगदान बारेमा क्षेत्रीले यसरी बताउनु हुन्छ । दमाई जातिहरू नेपालका दलित मध्येको एक प्रमुख जातिमा प्रर्दछन । नेपालको लोक संस्कृति जर्गेना गर्ने  देखि लिएर राष्ट्रको सेवा गर्न राजकिय कार्य समेत सहयोग पु¥याउनमा दमाई जातिले माहत्वपूर्ण योगदान दिएका छन "(क्षेत्री २०६६) ।

## २.३ नेपालमा सार्की जाति सम्बन्धी अध्ययन

सार्की जातिको वसोवासको बारेमा भनेका छन् सार्की जाति नेपालको आदिवासी जाति भए पनि कहिले देखि नेपालमा बसोवस गर्न थलेका हुन त्यस बारे एकिन भन्न नसके ता पनि देशका मुख्यतया पहाडी भागमा बसोवास गर्दै आएका छन र यिनिहरू तागाधारी जातिको आसपासमा बसोवास गर्दछन "(बिष्ट १९९४)" त्यस्तै बसोवास स्थान कै बारेमा अझ प्रकाश पार्दै सार्की, मिजार र चर्मकार भनेर यस जातिलाई चिनिन्छ । यस जाति नेपालको पुर्वी क्षेत्रमा बढी पाइन्छन"( इन्सेक२०५३)।

यसै गरी सार्की जातिलाई अछुत मानिने हुँदा यिनीहरूलाई सामाजिक हैसियत निकै तल्लो स्थानको छ जसले गर्दा अन्य तागाधारी र मतवाली जातिहरूले यस जातलाई  तल्लो स्तरको व्यवहार गर्दछन (Macdonaid,1975)

त्यस्तै गरि कुनै पनि देशमा भएका अछुत जातिहरूको संख्याले देशको कुल जनसंख्याको प्रतिनिधित्व गर्न सक्दैन किन भने अछुत जातिहरूको जनसंख्या देशको कुल जनसंख्याको तुलनामा निकै कम छ (Hofer 1997) ।

सार्की जातिसंग कृषि कार्यको लागि कम जग्गा भएका कारण अरुको अधिया जमिन कमाउन पर्ने बध्यता छ । सार्की जातिँग कृषि कार्यको लागि कम जग्गा भएका कारण अरुको अधिया जमिन कमउन पर्ने बाध्यता छ, यहि बाध्यताको कारण आधा अन्न जग्गा धनिलाई नै दिनु पर्ने बाध्यताले गर्दा जति उत्पादन गरे पनि प्रायलाई बर्ष दिन खान पुग्दैन (गिरी २०५७) । त्यसरी नै सार्की जाति शिक्षा चेतना स्वस्थ्य जस्ता सुविधाबाट टाढा भएका कारणले यिनीहरू परम्परावादी र समस्या ग्रस्त देखिनुको साथै यो जातिको ठुलो हिस्सा कषिमा संलग्न भए पनि त्यस उत्पादनले उनिहरूलाई दुई छाक टार्न मुस्किल छ "(काफ्ले २०५५)" ।

जातिय तथा आर्थिक स्तरीकरणको संरचना र आवश्यक पोषणको अभावले गर्दा सार्की जातिहरूको  अवस्था दयनिय हुनुको साथै बिभिन्न रोगले आक्रमण गरेको पाईन्छ " (Caplan 1972)"।

सार्कीहरू आफ्नो जात अनुसारको परम्परागत पेशा जुत्ता सिलउने काममा केहि परिवारले निरन्तरता दिए पनि उधोगबाट बनेका जुत्ता राम्रा र सजिला हुनाले परम्परागत सीपबाट बनेका जुत्ता प्रति समाजमा रहेका अन्य व्यक्तिले हेयको भावले हेर्ने हुंदा धेरै परिवारले निरन्तरता दिन सकेका छैनन् (शिवाकोटी २०६१) । त्यस्तै गरि परम्परागत छालाको जुत्ता बनाउने र छाला सम्वन्धि काम गर्ने पेसा हाल बिकसित समाजमा आएको अर्थिक तथा सामाजिक परिवर्तनको कारण अत्यन्त अव्याबहारिक साबित भएको छ । कृषि क्षेत्रका भन्दा पनि छालाको काम गर्ने सार्कीहरूको आर्थिक अवस्था कमजोर भएका कारण यो जाति पछाडि परेको हो " (पाण्डे २०६१)"

नेपाल सरकार समाज कल्याण मन्त्रालय २०४४को प्रतिवेदन अनुसार सार्कीहरू हाम्रो समाजका लागि अति आवश्यक जाति हुन । यो जाति पेशागत जाति अन्तर्गत पर्दछन । यिनीहरूको सामाजिक हैसियत निकै तल छ सामाजिक भेदभावकै कारण तल्लो जाति भनि हेयको भावले हेरिन्छ । यिनीहरू ज्यादै पिछडिएका छन\ । छोइछिटो जस्तो कुसँस्कार अझ कायमै छ यिनीहरूको स्वामित्वमा नाम मात्रको जग्गा जमिन भएकाले यिनीहरूलाई जिवन धान्न अति कष्टकर भएको छ भने परम्परागत पेशालई अंगाल्दा पनि औद्योगिककरणका कारण उनिहरूद्धारा उत्पादित सामान भने सस्तो र राम्रा समेत भएकाले यो जाति संकटमा परेको छ । यसले गर्दा दलित वर्गमा पर्ने सार्की जातिलाई जीवन धान्न धौ-धौ परेको देखिन्छ -नेपाल सरकार समाज कल्याण मन्त्रालय २०४४ थापा २०५८ बाट संम्भार)

उल्लेखित सन्दर्भ सामाग्रीको अध्ययनबाट पनि स्पष्ट हुन्छ की नेपालका अछुत जातिका मानिसहरूले सामाजिक आर्थिक पिडाहरू भोग्दै अएका छन र उत्पीडनको चपेटामा परिरहेका छन् । यी जातिहरू दोस्रो दर्जाको नगरिकको रूपमा समाजमा हिनता बोकेर बाँचिरहेका भएता पनि यीनिहरू समाज वा राष्ट्रको एकता र बहुजातिको भावनालई विथोल्ने कुनै किसिमको क्रियाकलाप गर्दैनन र उपरोक्त अध्ययनहरूमा परिर्वतन र कारणहरूलाई महत्व दिएको देखिदैन । यसर्थ प्रस्तुत अध्ययनले सार्की जातिको अवस्थामा साथै ती अवस्थामा आएको परिवर्तन र कारणलाई विश्लेषण गर्ने जमर्को गरेको छ ।

यस अध्ययनमा श्री कृष्ण गण्डकी गा.वि.स.का सार्की जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक र तिनमा आएका परिवर्तनहरूको अध्ययन गर्न खोजिएको छ ।

# अध्याय-तीन

## ३.१ अनुसन्धान विधि

कुनै पनि विषयमा अनुसन्धान गर्नका लागि कुनै एक प्रकारको अनुसन्धान विधिको प्रयोग गरी पर्याप्त मात्रामा जानकारी हासिल गर्न सकिँदैन र सुचनाको स्रोतहरू पनि थाहा पाउन सकिदैन । यसैले यस अनुसन्धान विधि अन्तर्गत अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट, तथ्याङ्कको स्रोत र प्रकृति, अध्ययनको समग्रता र तथ्याङ्क सङ्कलनका विधिहरू, तथ्याङ्क विष्लेषण जस्ता विषयलाई समावेश गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान ढाँचाले अध्ययनक्षेत्रको सामान्य विवरण र सार्की जातिको जनसंख्या परिवारको किसिम, शिक्षा स्वास्थ्य पेशा आदिको व्याख्या गरिने हुँदा यो महत्वपूर्ण छ । अन्वेषणात्मक अनुसन्धान ढाँचाले सार्की जातिको सामाजिक र सांस्कृतिक जिवनमा आएको परिवर्तनको बारेमा गहिरिएर अध्ययन गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र छनौट र औचित्य

श्री कृष्ण गण्डकी गा. वि. स. वडा नं. २ लाई अध्ययनको क्षेत्रको रूपमा छनौट गरिएको छ । सार्कीहरूको सामाजिक सांस्कृतिक आर्थिक जिवनमा आएका परिवर्तनले उनीहरूको जीवन शैलीमा के कस्ता परिवर्तन ल्यायो भन्ने बारेमा खासै अध्ययन नभएको हुँदा सो बारेमा जानकारी हासिल गर्न यस क्षेत्रको छनौट गरिएको हो ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनका क्रममा प्राथमिक स्रोत र द्वितिय स्रोत तथा गुणात्मक संख्यात्मक दुवै प्रकृतिको तथ्याङ्कको प्रयोग गरिएको छ । कार्य क्षेत्रमा गएर आफूले प्राथमिक रूपमा सङ्कलन गरेको तथ्याङ्कमा अवलोकन र अन्तर्वार्ता अनुसूची भरी आवश्यक जानकारी लिई शोधपत्र तयार गरिएको छ । जहाँ द्धितीय तथ्यांक पनि समावेश गरी पत्र-पत्रिकाहरूको समेत सहयोग लिइएको छ । त्यस्तै गरी जिल्ला वा गा. वि. स. बाट प्राप्त हुने प्रोफाइल वा वस्तुगत विवरण पनि प्रयोगमा ल्याइएको छ ।

## ३.५ अध्ययनको समग्रता

अध्ययन अनुसन्धान क्षेत्रमा कुल ३० घर धुरी सार्की जातिको बासोबास रहेको छ र सबैलाई अध्ययनमा समेटिएको छ र अध्ययन गर्दा जनगणना विधि अपनाईएको छ ।

## ३.६ तथ्याङ्क संकलन पद्धति

कुनैपनि विषयको अध्ययन गर्न तथ्याङ्क संकलन पद्धतिको ठूलो भूमिका रहेको हुन्छ । तथ्याङ्कबाट नै अध्ययनको वास्तविकता निर्भर हुन्छ र यसैका आधारमा यस शोधपत्रलाई तयार गर्ने कार्य गरिएको छ । यसमा निम्न विधि प्रयोग गरिएको छ ।

### ३.६.१ प्रश्नावली

यस विधिमा प्रत्येक परिवारका घरभूली वा परिवारका अन्य सदस्यलाई भेटेर प्रश्न सोध्ने काम गरिएको छ । यो विधि सार्की जातिको जनसंख्या, स्वाथ्य, शिक्षा, सामाजिक तथा धार्मिक तथ्याङ्कहरू प्रष्ट गर्नको लागि प्रयोग गरिएको छ । विभिन्न उत्तरको अपेक्षा राखी प्रश्नावली तयार गरिएको थियो । प्रश्न सोध्ने प्रणाली बिश्वसनिय र भरपर्दो विधी मानिएको छ । शोधका लागि प्रयोग गरिएको प्रश्नावली परिशिष्टमा प्रस्तुत गरिएको छ ।

### ३.६.२ अन्तरवार्ता

प्रश्नावलीमा प्रष्ट नभएका कतिपय तथ्याङ्कहरू यस विधिद्धारा संकलन गरिएको छ । कुनै पनि व्यक्ति तथा समाजको धारणा, मान्यता, चाहाना र भविष्यप्रतिको दृष्टिकोण थाहा पाउनको लागि यो पद्धतिलाई तथ्याङ्क संकलन विधिको रूपमा लिन आवश्यक हुने भएकोले यो पद्धति प्रयोग गरिएको हो । अध्ययन क्षेत्रका अधिकांश घरमूलीहरूलाई भेटी अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गर्ने काम गरिएको छ ।

### ३.६.३ अवलोकन

अवलोकनको माध्यमबाट अध्ययन क्षेत्रका व्यक्तिहरूको लवाई-खवाई, सरसफाई, गरगहनाको प्रयोग, बसोबासको स्थिति आदि हेरेर थाहा हुने कुराहरू संकलन गरिएको छ ।

### ३.६.४ केन्द्रित समूह छलफल विधि

यस अध्ययन अनुसन्धानमा केन्द्रित समूह छलफल विधिको पनि प्रयोग गरिएको छ । जसमा श्री कृष्णगण्डकी गा.वि.स. वडा नं. २ मा रहेका सार्की जातिको अध्ययन अनुसन्धानको लागि सार्की जाति र अन्य जातिलाई समेटी ७ देखि १२ जनाको समूह बनाई छलफल गरिएको छ । जसमा शिक्षक, कार्यकर्ता, स्थानीय बुद्धिजीवि र बुढापाका व्यक्तिलाई समावेश गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

नेपालको विशेषगरी पहाडी क्षेत्रमा बसोबास गर्ने सार्की जातिहरू गण्डकी अञ्चल, स्याङ्जा जिल्लाको श्री कृष्ण गण्डकी गा.वि.स. मा पनि बसोबास गरेको पाइन्छ । यस क्षेत्रको भौगोलिक परिचय यसप्रकार रहेको छ :

## ४.१ श्री कृष्ण गण्डकी गा.वि.स. को नामकरण

श्री कृष्ण गण्डकी गा.वि.स. स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजारदेखि पश्चिमतर्फ रहेको गा.वि.स. हो । यसको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा त्यति धेरै ठूलो इतिहास बोकेको भेटिदैन । यसको नामाकरण काली गण्डकी नदीको कारणले सहज तरिकाले नामकरण गर्न सजिलो भएको मान्यता रहँदै आएको पाइयो ।

मुक्तिनाथ क्षेत्रमा उत्पत्ति भई देशका विभिन्न क्षेत्रबाट बग्दै आउने क्रममा काली गण्डकी नदी यस गा.वि.स. को दक्षिणी भेग वडा नं. ३ बेल्टारी र उत्तरी भेग वडा नं. ९ को आदिमुहानमा अवस्थित रहेकाले यस गा.वि.स. लाई काली गण्डकीको अर्थले कृष्ण (कृष्णलाई एक अर्थमा कालो पनि भनिने भएकाले) गण्डकी नामकरण गरिएको हो भन्ने कुरा यहाँका बुढापाका र मुख्य जानकार व्यक्तिहरू बताउँदछन् ।

## ४.२ भौगोलिक स्थिति

स्याङ्जा जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल पर्ने एक पहाडी जिल्ला हो । यस जिल्लालाई तीन निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यस जिल्लामा २ नगरपालिका र ६० वटा गा.वि.स.हरू रहेका छन् । यस जिल्लाको सदरमुकाम पुतलीबजार नगरपालिकाको स्याङ्जा बजार हो । यस जिल्लामा रहेका ६० गा.वि.स. मध्ये श्री कृष्णगण्डकी गा.वि.स. पनि एक हो ।

यो गा.वि.स. जिल्ला सदरमुकाम स्याङ्जा बजारबाट करिव ६० कि.मि. टाढा रहेको छ । गा.वि.स. जिल्लाका गा.वि.स. मध्ये सबैभन्दा धेरै जनसङ्ख्या भएको गा.वि.स. पनि हो । यसको पूर्वमा जगत्रदेवी, पश्चिममा विर्धा, उत्तरमा निवुवाखर्क गा.वि.स. र दक्षिणमा पाल्पा जिल्ला पर्दछ । जिल्ला सदरमुकाम स्याङ्जाबाट गल्याङ्ग  जिरो भन्ने स्थानसम्म सिद्धार्थ राजमार्गबाट आइसकेपछि

कालीगण्डकी 'ए' जलविद्युत विभागको प्रवेश मार्गबाट करिव १५ कि.मि. अगाडि बढेर यस श्रीकृष्ण गण्डकी गा.वि.स. आउन सकिन्छ ।

## ४.३ हावापानी

यस गा.वि.स. समतल मैदानी भागदेखि अग्लो डाँडासम्मको उचाईमा अवस्थित भएकाले हावापानीमा विभिन्नता पाइन्छ । सामान्यतया यहाँका होँचा बेसीहरूमा उपोष्ण मनसुनी जलवायु पाइन्छ भने अग्लो डाँडाहरूमा न्यानो समशीतोष्ण मनसुनी हावापानी पाइन्छ (स्रोत : गा.वि.स. को वस्तुगत विवरण, २०६९) । होँचा बेसीहरूमा जस्तै बेल्टारी, बास्टारी, मिर्मीफँट आदि मुहान आदिमा ग्रीष्ममा गर्मी हुन्छ भने हिउँदमा केही चिसो किसिमको हुन्छ । हरिया डाँडापाखामा भने ग्रीष्ममा समेत गर्मी नहुने हिउँदमा केही चिसो किसिमको स्वस्थ्यकर हावापानी पाइन्छ (स्रोत : गा.वि.स. को वस्तुगत विवरण, २०६९) ।

## ४.४ प्राकृतिक स्रोत र साधन

यस श्री कृष्ण गण्डकी गा.वि.स. मा प्राकृतिक साधनअन्तर्गत वन, माटो, खनिज, पशुपक्षीहरू आदि रहेका छन् । यहाँको प्रमुख पिउने पानीको रूपमा जरुवा खोला, करेकुवा, ढाव, लिखुरे, टाटने, खोला आदि रहेका छन् । यसैगरी यी खोलाको मुहानबाट पाइपको व्यवस्था गरी घरघरसम्म पानीको व्यवस्था गरिएको छ । यस गा.वि.स. का प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, तोरी हुन् । यहाँका वनस्पतिमा कटुस, चिलाउने, बाँस, सिमल, खयर, साल, वर, पिपल, हर्रोवर्रो, अमला आदि हुन् । यहाँ पाइने प्रमुख जङ्गली जनावरमा चितुवा, मृग, स्याल, दुम्सी, खरायो र प्रमुख पंक्षीमा काग, ढुकुर, डाङ्ग्रे, भँगेरा, धोविनी, गौँथली, फिस्टे कालिज आदि हुन् ।

## ४.५ पर्यटकीय स्थल

यस गा.वि.स. मा पर्यटकीय दृष्टिकोणले ज्यादै महत्वपूर्ण स्थानको रूपमा काली गण्डकी 'ए' जलविद्युत परियोजनालाई लिन सकिन्छ । यो परियोजना निर्माणको क्रममा जगत्रदेवी गा.वि.स. बाट बगेर आएको आदी खोला र गुल्मी र पर्वतको बीचबाट बगेर आएको काली गण्डकीलाई सुरुङ्गमार्गमा पुऱ्याउने क्रममा बाँध बाँधी थुन्ने क्रममा ताल बन्न गई ठूलो जल यातायात मार्ग बन्न पुगेको छ । यहाँ नेपालमै पहिलो पटक ६ कि.मि. जल यातायातको माध्यम (स्टुमर) बाट स्याङ्जा, पर्वत, गुल्मी लगायत बाग्लुङ्गका विभिन्न ठाउँमा पुग्न सकिन्छ भने वडा नं. ३ मा सुरुङ्ग मार्गबाट

आएको पानी खसाली विद्युत निकाल्ने काम गरिएको छ जहाँ पावर हाउसको अवलोकन गर्नको लागि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गर्दछ ।

## ४.६ जनसङ्ख्या

विभिन्न जातजाति, जनजातिहरूको बसोबास भएको यो गा.वि.स. मा ब्राह्मण, क्षेत्री, मगर, नेवार, दमाइ, कामी, सार्की, भुजेल जातिको बसोबास रहेको छ ।

**तालिका ४.१**

**कृष्ण गण्डकी गा.वि.स. को वडागत जनसङ्ख्या र घरधुरी सङख्या**

| वडा नं. | घरधुरी सङ्ख्या | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१४ | ५३९ | ४८० | १०१९ | ११.५५ |
| २ | ३६३ | ६७०७ | ८१७ | १५२४ | १७.२८ |
| ३ | ३५० | ५१२ | ६३७ | १४९ | १३.०३ |
| ४ | १६२ | २५८ | ३०३ | ५६१ | ६.३६ |
| ५ | ११५ | २६७ | ३९२ | ६५९ | ७.४७ |
| ६ | १५० | २२४ | ३१० | ५४२ | ६.१४ |
| ७ | २०७ | ३३१ | ५०१ | ८३२ | ९.४३ |
| ८ | २१२ | ५५८ | ७८५ | १३४३ | १५.२३ |
| ९ | २१० | ४८८ | ६९८ | ११८६ | १३.४५ |
| जम्मा | १९९३ | ३८८४ | ४९३१ | ८८१५ | १०० |

*स्रोत : गा.वि.स. को वस्तुगत विवरण, २०६९*

यस गा.वि.स. को जनसङ्ख्या ८८१५ छ । जसमध्ये पुरुष ३८८४ र महिलाको सङ्ख्या ४९३१ रहेको छ तालिका ४.१ अनुसार । जम्मा १९९५ घरधुरी यहाँ रहेका छन् । घरधुरी जनसङ्ख्या ९ क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो वडा नं. २ हो भने यहँ जनसङ्ख्या पनि धेरै रहेको पाइन्छ । यस वडामा मात्र कुल जनसङ्ख्या १७.२८ प्रतिशत जनसङ्ख्याको बसोबास रहेको छ । त्यसैगरी सबैभन्दा थोरै जनसङ्ख्या वडा नं. ६ मा कुल जनसङ्ख्याको ७.१४ प्रतिशत मात्र जनसङ्ख्या रहेको छ ।

## ४.७ जातजाति

अध्ययन क्षेत्रमा ब्राह्मणहरूको बाहुल्यता रहे तापनि क्षेत्री, मगर, दलित जनजाति लगायत अन्य जातजातिको पनि बलियो उपस्थिति रहेको छ । जनसङ्ख्याको जातिगत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२**

**जातिगत जनसङ्ख्या विवरण**

| क्र.सं. | जातीय विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण | १९१७ | २७११ | ४६२८ | ५२.५० |
| २ | क्षेत्री | ५२ | ६९ | १२१ | १.३७ |
| ३ | मगर | १०४२ | १५६४ | २६०६ | २९.५६ |
| ४ | नेवार | ९७ | १११ | २०८ | २.३५ |
| ५ | भुजेल | ५३ | ११९ | १७२ | १.९५ |
| ६ | सार्की | २३९ | २८१ | ५२१ | ५.९१ |
| ७ | दमाइ | १०९ | १२७ | २३६ | २.६७ |
| ८ | कामी | १४३ | १८० | ३२३ | ३.६६ |
| जम्मा | | ३६५२ | ५१६३ | ८८१५ | १०० |

*स्रोत : गा.वि.स. को स्थलगत अध्ययन, २०६९*

तालिका ४.२ लाई विश्लेषण गर्दा यहाँ ५२.५० प्रतिशत ब्राह्मण बस्दछन् । यहाँका ब्राह्मणहरू निजामति सेवाको उच्च पद सम्म पुग्नुको साथै शेक्षिक सेवामा बढी नै लागेका छन् । ब्राह्मण पछि मगरको बाहुल्यता यस गा.वि.स. मा रहेको देखिन्छ । जसको कुल जनसङ्ख्या २६०६ जना वा २९.५६ प्रतिशत छ । सबैभन्दा कम बाहुल्यता नेवार, भुजेल र क्षेत्रीको छ जसको प्रतिशत क्रमशः २.३५, १.९५ र १.३७ प्रतिशत रहेको छ ।

## ४.८ धर्म

यस गा.वि.स. को स्थलगत अध्ययन गर्दा ८० प्रतिशत परिवार हिन्दु र १०% परिवार बौद्ध, ६% क्रिश्चियन र ४% मुस्लिम धर्ममान्ने मानिसहरूको बसोबास रहेको छ- (स्रोतः गा.वि.स.को वस्तुगत विवरण २०६९) ।

## ४.९ शैक्षिक अवस्था

यस गा.वि.स. मा १ क्याम्पस, ३ उच्च माध्यमिक विद्यालय, ३ माध्यमिक विद्यालय, ६ प्राथमिक विद्यालय (सामुदायिक) ३ प्राथमिक विद्यालय, एक माध्यमिक विद्यालय निजी विद्यालय रहेका छन् । जहाँ यसै वडा नं. २ मा रहेको वीरेन्द्र उच्च माध्यमिक विद्यालयबाट उत्पादित दक्ष

जनशक्तिहरू विभिन्न प्रशासनिक, न्यायिक सैनिक सेवा र विभिन्न गैर सरकारी निकायमा संलग्न हुनुका साथै वैदेशिक रोजगारमा समेत समावेश छन् ।

## ४.१० स्वास्थ्य

स्वास्थ्य सेवा अन्तर्गत एक उप स्वास्थ्य चौकी, सामान्य औषधि पसल हरेक वडामा स्वास्थ्य स्वयम्सेविकाहरू उपलब्ध छन् भने यदि ठूलो रोग लागेमा मानिस स्याङ्जा बजारका निजी र सरकारी अस्पतालमा उपचार गर्न जाने गर्दछन् ।

## ४.११ यातायात

यस गा.वि.स. भित्र १४ कि.मि. पक्की सडक पर्दछ जहाँ नियमित रूपबाट पोखरा, काठमाडौं, बुटवल हुँदै यातायात सेवा सञ्चालित छन् । अन्य कच्ची मोटर बाटोले प्रत्येक वडालाई छोएको छ । कच्ची मोटर बाटोहरूलाई व्यवस्थित रूपमा स्तर उन्नति गर्न सकेमा यस गा.वि.स. लाई सुगम नै मान्न सकिन्छ । यस गा.वि.स.मा बसोबास गर्ने वडा नं. १, २ र ६ का सार्की जातीले पनि अन्य जाति सरह नै बाटोको प्रयोग गरेको देखिन्छ ।

# अध्याय-पाँच

## सार्की जातिको सामाजिक अवस्था

कुनै पनि ठाउँका वा समाजका आ–आफ्नै प्रकारका सामाजिक संरचना हेरेर त्यहाँ बस्ने मानिसको यथार्थता थाहा पाउन सकिन्छ । त्यस्तै गरी श्री कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ का सार्की जातिको सामाजिक अवस्था अन्तर्गत जनसंख्या, उमेर समूह, लिङ्ग, वैवाहिक स्थिति, पारिवारिक संरचना र आकार, शैक्षिक अवस्था आदिको चर्चा गरिएको छ ।

### ५.१ जनसङ्ख्या

कुनै पनि समाजको आकार–प्रकार सामाजिक सम्बन्ध सामाजिक परिवर्तन आदिमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने तत्व नै जनसङ्ख्या भएकाले जनसंख्या कस्तो, कति रहेको छ सो बारेमा अध्ययन हुन जरुरी हुन्छ । यसकारण यही आवश्यकतालाई महसुस गरी यहाँ सार्की जातिको जनसङ्ख्याको स्थितिलाई उल्लेख गरिएको छ । लिङ्गगत र उमेरगत आधारमा यी जातिको विवरण प्रस्तुत गरिएको छ :

**तालिका ५.१**
**सार्की परिवारको लिङ्गगत र उमेरगत आधारमा जनसङ्ख्याको विवरण**

| क्र.सं. | उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १-४ | ४ | २.६८ | ३ | २.०१ | ७ | ४.६८ |
| २ | ५-१४ | ८ | ५.३७ | २० | १३.४२ | २८ | १८.७८ |
| ३ | १५-५४ | ५० | ३३.५५ | ५६ | ३७.५८ | १०६ | ७१.१३ |
| ४ | ६० भन्दा माथि | ५ | ३.३५ | ३ | २.०१ | ८ | ४.३७ |
|  | जम्मा | ६७ | ४४.९४ | ८२ | ५५.०२ | १४९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिकामा समावेश भएअनुसार ४ वर्ष उमेर समूहमा कुल सङ्ख्या ७ रहेको छ, जसमध्ये पनि ९ महिनाको बच्चालाई पनि समावेश गरिएको छ । त्यस्तै गरी सबैभन्दा बढी १५–५४ उमेर समूहमा सबैभन्दा बढी रहेको छ । किनकि यो उमेर भनेको उत्पादनशील कार्य गर्ने उमेर भएकोले यिनीहरू क्रियाशील कार्यमा संलग्न छन् । त्यस्तैगरी ६० वर्ष भन्दा माथिको उमेर समूहमा जम्मा ८ जना मात्र छन् । जसमध्ये पुरुषको सङ्ख्या बढी छ किनकि महिलालाई पोषण तत्वको अभाव, कामको बोझ आदि कारणले गर्दा उनीहरूको कम उमेरमा नै मृत्यु हुने उत्तरदाता बताउँछन् । सबैभन्दा वृद्ध महिला ८० वर्षको त्रिफूली सार्की हुन् ।

## ५.२ परिवारको प्रकार

यस गा.वि.स. को वडा नं. २ मा सार्की जातिको परिवार पितृसत्तात्मक भएकोले घरमा पुरुषको स्थान महत्वपूर्ण रहन्छ । सार्की जातिको सामाजिकपनको अध्ययन गर्ने क्रममा यिनीहरूको पारिवारिक संरचना बुझ्ने प्रयास गर्दा एकात्मक र संयुक्त परिवार गरी दुई किसिमको रहेको पाइयो । एकात्मक परिवारमा लोग्ने, स्वास्नी र उनीहरूका अविवाहित छोराछोरी पर्दछन् भने संयुक्त परिवारअन्तर्गत लोग्ने, स्वास्नी, छोराछोरी, बुहारी, नाति, नातिना आदि सदस्य पर्दछन् । अध्ययन क्रममा सार्की जातिको पारिवारिक संरचना एकात्मक परिवारभन्दा संयुक्त परिवार कम भएको पाइयो । परिवारको सङ्ख्या तल तालिका नं. ५.२ मा देखाइएको छ :

**तालिका ५.२**

**परिवारको संरचनाको आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | परिवारको किसिम | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| ! | संयुक्त परिवार | ११ | ३६.६६ |
| २ | एकात्मक परिवार | १९ | ६३.३३ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

तालिका ५.२ का अनुसार एकात्मक परिवारमा घरधुरी ६३.३३ प्रतिशत संयुक्त परिवारमा जम्मा ११ घरधुरी ३६.३३ प्रतिशत रहेको पाइयो । मुख्य जानकार व्यक्तिका अनुसार पहिला उनीहरू संयुक्त परिवारमा बस्दथे । संयुक्त परिवारमा बस्दा पारिवारिक, आर्थिक बोझ बढी हुने र पारिवारिक झगडा हुने हुँदा उनीहरू एकात्मक परिवारतर्फ अग्रसर भएको बताउँछन् ।

## ५.३ परिवारको आकारको आधारमा सार्की जातिको विवरण

कुनै पनि परिवारमा भएका सदस्य सङ्ख्याले त्यस परिवारको आकार समान नभई फरक–फरक किसिमका हुन्छन् । स्थलगत अध्ययनको क्रममा यस वडा नं. २ का सार्की जातिका परिवारकोअध्ययन गर्दा त्यही पनि फरक–फरक किसिमका परिवारको आकार भएको पाइयो । त्यहाँ २ देखि ७ जना सम्म परिवार सङ्ख्या भएको पाइयो जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५.३**

**परिवारको आकारको आधारमा सार्की जातिको विवरण**

| क्र.सं. | परिवारको सङ्ख्या | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ | २ | ६.६६ |
| २ | ३ | ३ | १० |
| ३ | ४ | ६ | २० |
| ४ | ५ | ८ | २६.६६ |
| ५ | ६ | ५ | १६.६६ |
| ६ | ७ | ७ | २० |
| | | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

तालिका ५.३ अनुसार यस जातिको परिवार सङ्ख्या हेर्दा सबभन्दा थोरै २ जना परिवार सङ्ख्या र सबैभन्दा धेरै ७ जना परिवार सङ्ख्या भएको पाइयो । २ जना परिवार सङ्ख्या हुने २ घरधुरी वा ६.६६ प्रतिशत र सात जना परिवार सङ्ख्या भएको ६ घरधुरी वा २० प्रतिशत भएको पाइयो । सबैभन्दा धेरै परिवार सङ्ख्या भएको ८ घरधुरी देखियो जुन २७.७७ प्रतिशत छ ।

## ५.४ उमेरगत विवरण

समाजमा बसोबास गर्ने मानिसहरू विभिन्न उमेरका हुन्छन् । उमेरको आधारमा नै बालक, वयस्क, वृद्ध भनेर छुट्याइन्छ । त्यसैले उमेरको आधारमा अध्ययन क्षेत्रका ३० सार्की उत्तरदाताहरूलाई उमेरको आधारमा वर्गीकरण गरिएको छ । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५.४**

**उमेरको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २१–३० | ३ | १० |
| २ | ३१–४० | ६ | २० |
| ३ | ४१–५० | १० | ३३.३३ |
| ४ | ५१–६० | ८ | २६.६६ |
| ५ | ६१–७० | २ | ६.६६ |
| ६ | ७१ भन्दा माथि | १ | ३.३३ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

प्रस्तुत तालिकामा ३० उत्तरदातामध्ये ४५ देखि ५० वर्ष उमेर समूहका १० जना वा ३३.३३ प्रतिशत छन् । यो सबभन्दा बढीउत्तरदाता भएको उमेर समूह हो भने सबभन्दा कम उत्तरदाता भएको समूह ७१ वर्ष भन्दा माथिको उमेर समूह हो । जसमा १ जना वा ३.३३ प्रतिशत छन् । यी उत्तरदाता ८० वर्षकी थिइन् । यिनी पनि घरमूली थिइन् । सबैभन्दा कम उमेरको उत्तरदाता २१ वर्षकी ज्योति थिइन् । यी घरमुली थिइन् । यी घरमूली बन्नमा यिनको परिवारमा बाबु, आमाको मृत्यु भइसकेको र यीभन्दा पाका उमेर सदस्य त्यस परिवारमा नभएकोले यिनी नै घरमूली भएको भेटियो ।

## ५.५ लैङ्गिक विवरण

केही समय अगाडिसम्म लिङ्गको आधारमा महिला र पुरुष गरी २ वटा लिङ्गमा मात्र विभाजन गरियो भने अहिले आएर तेस्रो लिङ्गीलाई पनि अरु लिङ्गसरह मान्यता दिन थालिएको छ । अध्ययन क्षेत्रमा भने तेस्रो लिङ्गी कोही नभेटिएकाले महिला र पुरुष मात्र उत्तरदाताको रूपमा रहेका छन् । जसलाई निम्न तालिकामा देखाइएको छ **M**

**तालिका ५.५**

**लिङ्गको आधारमा उत्तरदाताको विवरण**

| क.सं. | लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १८ | ६० |
| २ | पुरुष | १२ | ४० |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

तालिका ५.५ अनुसार ३० उत्तरदातामध्ये १८ जना वा ६० प्रतिशत महिला र १२ जना वा ४० प्रतिशत पुरुष रहेका छन् । १८ महिला उत्तरदातामध्ये १० घरमूली, ८ जना अन्य जानकार परिवार सदस्य थिए भने १२ पुरुष उत्तरदातामध्ये ७ घरमूली र ५ जना अन्य जानकार परिवार सदस्य थिए । उत्तरदातामा महिला नै बढी हुनुमा पुरुष काम काजमा वा घुमफिरको लागि बाहिर निस्कने तर महिला भने घरायसी कामको लागि घरमा नै रहिरहने हुनाले हो ।

## ५.६ वैवाहिक स्थिति

कुनै पनि स्थानमा रहने व्यक्ति एउटै वैवाहिक स्थितिका नभई कुनै विवाहित कुनै अविवाहित त कुनै विधुर/विधवा हुन्छन् । त्यसैले कुनै पनि ठाउँको जनसङ्ख्याको विवरणलिँदा त्यस ठाउँका

मानिसहरूको वैवाहिक स्थितिलाई पनि स्पष्ट पार्नुपर्ने हुन्छ । स्थलगत अध्ययनमा जाँदा पनि उत्तरदाताको विभिन्न वैवाहिक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका ५.६**

**वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | १९ | ६३.३३ |
| २ | अविवाहित | २ | ६.६६ |
| ३ | विधुवा | ६ | २० |
| ४ | विधुर | ३ | १० |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

तालिका ५.६ अनुसार ३० उत्तरदातामध्ये १९ जना वा ६३.३३ प्रतिशत विवाहित छन् भने २ जना वा ६.६६ प्रतिशत अविवाहित छन् । यी अविवाहित २ जनामध्ये १ जनाको परिवारमा बाबुआमाको मृत्यु भइसकेको र यी भन्दा पाका उमेरका सदस्य त्यस परिवारमा नभएकाले यिनी नै घरमूली भएको भेटियो । जुन महिला थिइन् । त्यस्तै गरी ६ जना वा २० प्रतिशत विधुवा उत्तरदाता रहेको पाइयो भने ३ जना वा १० प्रतिशत विदुर रहेको पाइयो । यो विदुर उत्तरदाता घरमूली थिए । स्थलगत अध्ययनमा जाँदा पाको उमेर हुँदा पनि ती विधुर घरमूली हुनेको सट्टा परिवारमा हैसियत तल भएको पाइयो ।

## ५.७ शैक्षिक अवस्था

नेपालमा भएको जति पनि दलित जाति छन् ती सबैको शैक्षिक अवस्था निकै दयनीय छ । यस गा.वि.स. का अन्य जातिको भन्दा सार्की जातिको पनि स्थिति कमजोर नै देखिन्छ । शिक्षाको अभावमा विभिन्न अन्धविश्वास, छुवाछुत आदिको धारणा अझसम्म विद्यमान छ । मजदुरी गरेर खानुपर्ने हुँदा घरका मूली मानिस घर बाहिर काम गर्न जाँदा सानै भए पनि घरको र भाइबहिनीको स्याहार गर्नुपर्ने हुँदा अलि ठूलो भएपछि ज्यालादारीमा जानुपर्ने भएका कारण स्कुल जाने क्रम कहिले जाने र कहिले नजाने गरेको देखिन्छ । नि.मा.वि. पूरा नहुँदै छोरीको विवाह गरिदिँदा विद्यालय छाड्न बाध्य छन् । सार्की जातिका अभिभावक आफू निरक्षर साक्षर जे भए पनि आफ्ना छोराछोरीलाई भने दु:ख गरेर भए पनि पढाउनु पर्छ भन्ने सोच्दछन् र जेनतेन प्राथमिक शिक्षा धेरैलाई दिएको पनि

देखिन्छ । बाबु आमा निरक्षर भएको कारण होला छोराछोरीले पनि पढाइमा पनि त्यति ध्यान नदिएको पाइन्छ । श्री कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ का ३० घरधुरीको सार्की जातिको शैक्षिक अवस्थालाई निम्न तालिकामा दिइएको छ :

**तालिका ५.७**

**शैक्षिक स्थितिको आधारमा सार्की जातिको विवरण**

| क्र.सं. | शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | २२ | ८ | ३० | २०.१३ |
| २ | साक्षर | १२ | ५ | १७ | ११.४० |
| ३ | प्रा.वि. | २० | १८ | ३८ | २५.५० |
| ४ | नि.मा.वि. | १४ | १५ | २९ | १९.४६ |
| ५ | म.वि. | ८ | १० | १८ | १२.०८ |
| ६ | एस.एल.सी. उत्तीर्ण | ४ | ८ | १२ | ८.०५ |
| ७ | प्रवीणता उत्तीर्ण | २ | ३ | ५ | ३.३५ |
| | जम्मा | ८२ | ६७ | १४९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

यसमा साक्षरता भन्नाले औपचारिक विद्यालयबाट स्तरको शिक्षा आर्जन नगरे तापनि सामान्य लेखपढ गर्न जान्ने आफ्नो हरहिसाब गर्न जान्नेलाई लिइएको छ । स्कुल जाने उमेर नभएका बच्चालाई निरक्षरमा राखिएको छ ।

तालिका नं. ५.७ का अनुसार सबैभन्दा बढी प्राथमिक तहको शिक्षा लिनेको सङ्ख्या देखिन्छ । जसको कुल जनसङ्ख्या ३८ जना वा २५.५० प्रतिशत देखिन्छ भने सार्की जातिमा ३० जना वा २०.१३ प्रतिशत निरक्षर छन् भने साक्षर मात्र हुनेको सङ्ख्या १७ जना ११.४० प्रतिशत भएको देखिन्छ । एस.एल.सी. उत्तीर्ण गर्ने १२ जना वा ८.०५ प्रतिशत देखिन्छ । त्यसैगरी प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्ने ५ जना वा ३.३५ प्रतिशत रहेको पाइन्छ र यो तथ्याङ्कलाई आधार मान्दा निरक्षर भन्दा बढी शिक्षित वर्ग नै अगाडि आएको देखिन्छ ।

तालिका ५.८

शैक्षिक स्थितिको आधरमा उत्तरदाताको विवरण

| क्र.सं. | शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | िनरक्षर | ५ | ३ | ८ | २६.६६ |
| २ | साक्षर | ३ | ३ | ६ | २० |
| ३ | १० कक्षासम्म पढेका | ८ | ५ | १३ | ४३.३३ |
| ४ | उच्च शिक्षा | २ | १ | ३ | १० |
| | जम्मा | १८ | १२ | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका ५.८ अनुसार ३० जना उत्तरदातामध्ये ८ वा २६.२६ प्रतिशत निरक्षर, ७ जना वा २० प्रतिशत साक्षर, १३ जना वा ४३.३३ प्रतिशत दस कक्षासम्म पढेका, ३ जनाले मात्र उच्च शिक्षा हासिल गरेको पाइयो । स्थलगत अध्ययनको क्रममा २ परिवारमा बुहारीले छोरा भन्दा बढी पढेकाले त्यस घरमा तिनै बुहारी नै घरमूली भएको पाइयो भने २ परिवारमा श्रीमान् निरक्षर तर श्रीमती साक्षर भएका कारण तिनै साक्षर महिला नै घरमूली भएको पाइयो । माथिको तालिकाअनुसार अधिकांश उत्तरदाता लेखपढ गर्न सक्ने देखिन्छ । यसो हुनुमा गा.वि.स. लगायत महिला र बालबालिकाको लागि विकेन्द्रित कार्यक्रम सामुदायिक विकास कार्यक्रम र जि.शि.का. बाट बेला बेलामा सञ्चालन हुने साक्षरता कक्षा, सरकारी तथा गैरसरकारी संस्थाले सञ्चालन गरेका शैक्षिक कार्यक्रमबाट यस समुदायका धेरै व्यक्तिहरू लेखपढ गर्न सक्ने भएको कुरा उत्तरदाता बताउँछन् ।

## ५.८ परिवार नियोजन

यस जातिमा परिवार नियोजन सम्बन्धमा सकारात्मक परिवर्तन आएको भए तापनि अझै पनि परिवार नियोजन गर्नेको सङ्ख्या कम नै देखिन्छ । अझ नियोजन गर्नेमा महिला नै अगाडि छन् । स्थलगत अध्ययनको क्रममा केही महिला उत्तरदातालाई किन श्रीमान्ले परिवार नियोजन नगरी तपाईंले नै गर्नु भएको भनि प्रश्न गर्दा उत्तरदाताले श्रीमान्लाई घरबाहिर कडा काम गर्न जानु पर्ने बाध्यता छ तर परिवार नियोजन गरेपछि उनीहरू कमजो भई कडा काम गर्न नसक्ने

भएका कारण परिवार नियोजन आफूले गरेको बताइन् । स्थलगत अध्ययनको क्रममा भेटिएको उत्तरदाताको परिवार नियोजनका साधन प्रयोगकर्ताको विवरण तल प्रस्तुत गरिएको छ :

**तालिका ५.९**

**परिवार नियोजनको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | स्थायी | २ | ६.६६ | १ | ३.३३ | ३ |
| २ | अस्थायी | ६ | २० | ३ | १० | ९ |
| ३ | प्रयोग नगर्ने | १० | ३३.३३ | ८ | २६.६६ | १८ |
| | जम्मा | १८ | ५९.९९ | १२ | ३९.३३ | ३० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका अनुसार ३० जना उत्तरदातामध्ये स्थायी प्रयोग गर्ने उत्तरदाता ३ जना वा १० प्रतिशत जसमा महिला नै बढी छन् भने अस्थायी साधन प्रयोग गर्ने ९ जना वा ३० प्रतिशत छन् । यी अस्थायी साधन प्रयोग गर्ने भर्खर विवाह भएका र १/२ जना बच्चा भएका परिवार छन् । परिवारनियोजनको साधन प्रयोग नगर्नेमा १८ जना वा ६० प्रतिशत रहेको पाइन्छ ।

## ५.९ स्वास्थ्य उपचार स्थिति

स्वास्थ्यको दृष्टिकोणले यस जाति पछाडि नै छ । शिक्षाको र चेतनाको अभाव एवम् रुढिवादी परम्पराले गर्दा बिरामी हुँदा बेलैमा उपचार नगर्नु, झारफुकमा विश्वास केही मात्रामा गरेको पाइयो । विभिन्न सरकारी एवम् गैरसरकारी संघसंस्थाको प्रयासमा यस जातिमा क्रमिक सुधार आएको कुरा भने स्थलगत अध्ययनमा स्थानीय ४२ वर्षीय कुमारी नेपाली वडा नं. २ निवासी बताउनु हुन्छ । यही वडा नं. २ स्थित उपस्वास्थ्य चौकीको प्रमुख बाबुराम पाण्डेका अनुसार यस जातिका महिला गर्भवती जाँच गर्न आउने गरेको, बच्चालाई खोप लगाउने, सुत्केरी गराउने, सुडेनी स्वास्थ्य स्वयम् सेविकाको सहयोग लिने गरेको भए तापनि पूरा खोपको मात्रा नपुऱ्याउने, घरमा नै सुत्केरी गराउने, गर्भवती हुँदा पूरा पटक गर्भवती जाँच नगराउने समस्या रहेको पनि पाइयो । यस जातिले चुरोट, खैनी, रक्सी जस्ता वस्तु बढी सेवन गर्नाले स्वास्थ्यमा नराम्रो असर परेको देखिन्छ ।

यस जातिमा स्वास्थ्य उपचारको स्थिति बुझ्न धामी झाँक्रीमा कत्तिको विश्वास गर्नुहुन्छ भनी प्रश्न गर्दा केही उत्तरदाताले अलि अलि विश्वास गर्ने, केहीले कत्ति पनि विश्वास नगर्ने बताए ।

यति भनेपछि बिरामी पर्दा सर्वप्रथम उपचार गर्न कहाँ जानु हुन्छ भनि प्रश्न गर्दा उत्तरदाताहरू यस्ता उत्तर बताउँछन्, जुन तलको तालिकामा देखाइएको छ :

**तालिका ५.१०**

**उपचार स्थलको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | १९ | ६३.३३ |
| २ | निजी अस्पताल | ५ | १६.६६ |
| ३ | सरकारी अस्पताल | ३ | १० |
| ४ | धामीझाँक्री | २ | ६.६६ |
| ५ | घरेलु उपचार | १ | ३.३ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका अनुसार बिरामी पर्दा सबभन्दा पहिला उपचार गराउन कहाँ जानुहुन्छ भनी प्रश्न गर्दा ३० उत्तरदातामध्ये १९ जना वा ६३.३३ प्रतिशत स्वास्थ्य चौकी, निजी अस्पताल, ५ जना वा १६.६६ प्रतिशत सरकारी अस्पताल, ३ वा १० प्रतिशत धामी झाँक्री र २ जना वा ६.६६ प्रतिशत घरेलु औषधि प्रयोग गर्ने, १ वा ३.३ प्रतिशतले गर्ने बताए ।

## ५.११ शौचालय

दिसा, पिसाव गर्ने ठाउँ वा कोठालाई शौचालय भनिन्छ (नेपाली बृहत् शब्दकोश, २०५५) । यो शौचालयले स्वास्थ्यको लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । एउटै समुदायमा रहेका सबै परिवारको शौचालय एउटै नभएर फरक–फरक हुन्छ । फरक–फरक हुनुको मुख्य कारण फरक–फरक आर्थिक अवस्था भएर हो । स्थलगत अध्ययनमा जाँदा उत्तरदाताको शौचालयको स्थिति यस्तो किसिमको भएको देखियो जुन तलको तालिकामा देखाइएको छ :

**तालिका ५.११**

**शौचालयको किसिमको आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | शौचालयको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की | २१ | ७० |
| २ | कच्ची | ९ | ३० |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका अनुसार यस जातिका पक्की शौचालय र कच्ची शौचालय क्रमशः २१ र ९ वटा वा ७० प्रतिशत र ३० प्रतिशत छन् । यहाँ शौचालयको सेफ्टी ट्याङ्की शौचालय घर सँगसँगै वा बाहिर जहाँ भए पनि ढुङ्गाको गाह्रो र टिनको छाना भएकोलाई पक्की र खाडल खनी माथिबाट केहीले बारेर बनाएको शौचालयलाई कच्ची शौचालयको रूपमा लिइएको छ ।

## ५.११ पिउने पानी

पानी मानिसको लागि अति आवश्यक चिज हो । कुनै पनि प्राणी पानी बिना बाँच्न सक्दैन । सबै ठाउँमा पाइने पानी स्वस्थ, सफा हुँदैनन् । पिउने पानी सधैं स्वस्थ र सफा हुनु पर्दछ । यदि सफा र स्वस्थ पानी नपिउने हो भने उसको स्वास्थ्यमा नराम्रो असर पर्दछ । सबै ठाउँमा पानीको स्रोत सधैं एउटै नभई फरक–फरक हुन्छन् । उत्तरदाताको पिउने पानीको स्रोतको बारेमा जानकारी प्राप्तिका लागि तपाईं कहाँको पानी पिउनु हुन्छ भनी प्रश्न गरिएको थियो जसबाट प्राप्त उत्तरअनुसार २० घरधुरीले पाइपको धाराको पानी प्रयोग गर्ने र १० घरले कुवाको पानी प्रयोग गरेको देखियो । जहाँ १० घर गरिबीको कारणले गर्दा पाइप किन्न नसकेकोले कुवाको पानी प्रयोग गर्ने गरेको पाइयो ।

## ५.१२ नारीको स्थान

जतिसुकै नारीको स्थान र महिलालाई हिन्दू धर्मशास्त्रमा प्रशंसा गरे तापनि व्यवहारमा नारीहरू पुरुषको दास, खेलौना र मनोरञ्जनको साधन बनेका देखिन्छन् । हुनत हिन्दू शास्त्रमा नारीलाई देवीको रूपमा हेर्दै "जहाँ नारी पुजिन्छन् त्यहाँ देवताको बास हुन्छ" भनिएको छ । तर वास्तवमा यसो भएको भने देखिँदैन । नेपाली समाजभित्र भएका विविध जातिहरूमा केही रूपमा फरक भएको देखिए पनि दलित महिलाको स्थितिलाई तुलनात्मक अध्ययन गरी हेर्दा सार्की जातिका महिलाको स्थितिलाई त्यति नराम्रो मान्न सकिन्न । नेपाल पितृसत्तात्मक समाज भएको देश हो । सार्की जाति पनि यस्तो समाज हुनबाट अछुतो छैन । त्यसैले यस जातमा पुरुषको स्थान उच्च नै देखिन्छ तापनि घरायसी काममा भने महिलाको स्थान महत्वपूर्ण रहेको छ र घर बाहिरको काममा पुरुषको स्थान रहेको छ ।

## ५.१३ निर्यण प्रक्रियामा महिला

यसरी कृष्ण गण्डकी गा.वि.स.मा रहेका सार्की जातीमा महिलाको निर्णय प्रक्रियामा निकै न्यून भूमिका रहेको पाइयो । किनकी एक त सार्की जातीमा कता-कता अन्धविश्वास र कुरीती रहेको

छ भने त्यहाँ रहेका ठूला भनाउँदा पुरुषहरूसँग सोद्धा महिलालाई निर्णय गर्न लगाएमा राम्रो निर्णय आउँदैन, उनीहरूलाई अगाडी बढ्नदिन हुँदैन, पोथी बासेको राम्रो हुँदैन भन्ने जस्ता कुराहरू रहेको देखियो । यसैले निर्णय प्रक्रियामा कृष्ण गण्डकी गा.वि.स.मा महिलाहरूको स्थान न्यून देखियो ।

## ५.१४ महिलाको भूमिका

महिलाहरू पहिलाको तुलनामा निकै अग्रसर रहेको देखियो र विशेषगरी महिलाको भूमिका भनेको सार्की जातीमा घरको रेखदेख गर्ने, छोराछोरी हुर्काउने, ब्राम्हण-क्षेत्रीको मेलापात जाने र पशुपाल्ने आदि कार्य गरेको पाइएको छ । र जुनसुकै ठूला-ठूला कार्य गर्ने प्रक्रियामा पुरुषको नै हाली-मूहाली रहेको पाइयो ।

राष्ट्रको महिला जनसङ्ख्या हेर्ने हो भने पुरुषको भन्दा महिलाको बढी छ । भनिन्छ आधा आकाश ओगट्ने संख्या महिलाको छ तापनि प्रायः सबै समुदायमा महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने गरेको पाइन्छ । यस जाति पनि यस मतबाट अछुतो नभएको पाइयो तापनि ब्राह्मण, क्षेत्रीभन्दा यस जातिका महिला घरबाहिर ज्याला, मजदुरी गर्न जाने भएका कारण आफ्ना लागि केही निर्णय आफैले गरेको पनि पाइयो । यस जातिमा जन्मँदा खुसी, छोरी जन्मदा दुःखी हुने अवस्था अझै पाइयो । छोरा दाहसंस्कार वा दागबत्ती दिन चाहिने भन्ने गरेको पाइयो ।

## ५.१५ महिलाको शैक्षिक अवस्था

शैक्षिक हिसाबले हेर्दा यस जातिमा नारीको स्थान कमजोर नै भएको पाइयो । एस.एल.सी. उत्तीर्ण गर्ने कुल जनसङ्ख्या १२ जना भएकोमा महिलाको भने जम्मा ४ जना मात्र देखियो । अध्ययन अनुसन्धानको क्रममा महिला सक्रिय रूपमा राजनीतिमा लागेको भने पाइएन । ज्यालामा पनि दैनिक महिलालाई रु. २०० र पुरुषलाई रु. ४०० दिने हुँदा महिला र पुरुष बिच नै यस्तो विभेद भएको पाइयो । यसरी सार्की जातिमा महिलाको स्थान तल देखिए पनि छोराछोरी समान हुन् भन्ने भावना जागृत भएको छ ।

## ५.१६ अन्य जातीसँगको सम्बन्ध

यस गा.वि.स. का सार्की जाति खास गरी ब्राह्मण, क्षेत्री जातिसँग घुलमिल भई बसेका छन् । प्रायः यस जातिको अर्म पर्म ब्राह्मण, क्षेत्रीसँग भएको पाइयो भने अन्य मगर, नेवार आदिसँग पनि सम्बन्ध राम्रो नै भएको पाइयो । यही सम्बन्ध कै कारण होला यस जातिको लवाइखुवाइ,

धर्मकर्म सबै ब्राह्मण, क्षेत्रीको जस्तै भएको पाइयो । यस जातिले ब्राह्मण, क्षेत्री जस्ता जातिका घरमा हलो जोत्ने, ज्यालामजदुरी काम गर्न जाने र कर्मी काम गर्न जाने गर्दछन् । जसबाट ज्याला/पैसा पाउँदछन् । कहिलेकाहीँ ब्राह्मण, क्षेत्री कहाँबाट यस जातिलाई ऋण दिने चाडपर्वमा खान बोलाउने र काम भए ज्यालामा काम लगाउँदछन् । यसरी यी जातिहरूमा सामाजिक सम्बन्ध राम्रै रहेको छ । यी सबै जाति सँगै मेलापात, दाउरा, घाँस विद्यालय सँगै जाने गरे तापनि सँगै बसी खानपान गर्न अझै माथिल्लो जाति हिच्किचाएको पाइयो । यस जातिको अन्य जातिसँग यति धेरै समानता, हेलमेल र अन्य व्यावहारिक कारोबार हुँदाहुँदै पनि यिनीहरूको बिचमा बिहेवारी भने भएको पाइँदैन ।

अध्ययन क्षेत्रमा दलित र गैरदलित बिच सानो र ठूलो जातको विभेद मात्र नभई दलित–दलित बिच पनि सानो र ठूलो जातको विभेद भएको पाइयो । कामी र सार्कीलाई ठूलो र दमाइलाई सबभन्दा सानो जातको रूपमा हेर्ने गरेको पाइयो । कामी र सार्की बिच यदाकदा बिहेवारी चले पनि दमाइसँग भने बिहेवारी चलेको पाइएन । बिहेवारी नभए पनि मानिस मर्दा भने एक जाति अर्को जातिको मलामी जाने गरेको पाइयो । दमाइले सार्कीको कपडा सिलाइदिने र सार्कीले दमाइको खेतीपानी गर्नमा सहयोग गर्ने गरेको पाइयो ।

## ५.१७ छुवाछुतको अवस्था

नेपालमा मुलुकी ऐन २०२० ले नै छुवाछुत प्रथाको अन्त्य गरेको भए तापनि व्यावहारिक रूपमा यो अझसम्म पनि राम्रोसँग उत्रिन सकेको पाइएन । श्री कृष्ण गण्डकीवासी सार्की जातिमा पनि यो समस्या टड्कारो रूपमा पाइयो तापनि छुवाछुतमा केही भने परिवर्तन आएको छ । सार्वजनिक मठमन्दिरमा जान यस जतिलाई बन्देज नभएको, चियापसल लगायतका ठाउँमा छुवाछुतको भेद कम हुँदै आएको छ तर पनि कथित माथिल्लो जातिको घरमा जाँदा भने छुवाछुतको प्रत्येक महिनाको बैठकका दिन यी सबै सदस्यको बचतबाट निश्चित समयमा निश्चित ब्याज तिर्ने सर्तमा ऋण लिने गर्दा रहेछन् । ऋण लिँदा उनीहरूले तरकारी खेती, बाखापालन, कुखुरा पालन, भैंसी पालन भनेर लिने गरेको पाइयो । कसैले बाखापालनमा लगानी गर्नुको साथै बाखाबाट फाइदा पनि गरी विभिन्न समस्या समाधान गरेको पाइयो भने कसैले विभिन्न नामबाट ऋण ल्याए पनि त्यसबाट घरायसी समस्याको समाधान सजिलैसित पूरा गरेको देखियो ।

## ५.१८ सार्की जातिको सामाजिक अवस्थामा आएको परिवर्तन

समाज गतिशील प्रकृतिको हुन्छ । कुनै पनि समाजमा हुने सामाजिक परिवर्तन एउटा अनिवार्य र सर्वव्यापी नियम हो । त्यसैले कुनै समाज लामो समयसम्म एउटै रूपमा नभई केही न केही परिवर्तन भइराखेको हुन्छ । यो परिवर्तन हुँदा कुनै छिटो र कुनै विस्तारै हुन्छ भने कुनै परिवर्तन क्रमशः स्वाभाविक रूपले आफैँ हुन्छन् भने कुनै परिवर्तन योजनाबद्ध प्रयासबाट हुन्छ । मानवीय सम्बन्धमा, सामाजिक सम्बन्धमा, सामाजिक संरचनामा वा सामाजिक एकाइ आदिमा परिवर्तन आउनुलाई सामाजिक परिवर्तन भनिन्छ । यस समुदायमा विगत १५ वर्ष यता विभिन्न किसिमका सामाजिक अवस्थामा परिवर्तन आएको कुरा मुख्य जानकार व्यक्तिबाट र अनुसन्धानकर्ता स्वयम् लामो समयसम्म यस जातिसँग सङ्गत गरी बसेकाले अवलोकनबाट थाहा हुन्छ । यस जातिका सामाजिक परिवर्तनहरू तल दिइएका छन् :

### ५.१८.१ स्वास्थ्य उपचारमा आएको परिवर्तन

यस सार्की जातिमा पहिला बिरामी पर्दा घरेलु औषधि र झारफूक गर्दथे भने आज समयको परिवर्तनसँगै विभिन्न सङ्घसंस्था र टि.भि., रेडियोबाट पाएको चेतनाका कारण प्रायः सबैले स्वास्थ्य चौकी र अस्पतालबाट नै स्वास्थ्य सुविधा लिएका छन् भने बालबालिकालाई पूरै खोप लगाउने र गर्भवती हुँदा जाँच गर्न थालेका छन् । प्रायःजसोले स्वास्थ्य संस्थामा गएर सुत्केरी गराउने गरेका छन् । यस्तो हुनुमा स्वास्थ्य संस्थामा गएर सुत्केरी गराउनेलाई नेपाल सरकारले प्रोत्साहन भत्ता दिएका कारणले हो ।

### ५.१८.२ सरसफाइमा आएको परिवर्तन

पहिला सरसफाइमा त्यति ध्यान नदिने यस जाति आज समयको परिवर्तनसँगै विभिन्न टि.भि., पत्रपत्रिका हेरेर, रेडियो सुनेर र विभिन्न संघसंस्थाले दिएका चेतना र सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन गरेका कारण घर वरिपरि, टोल वरिपरि सरसफाइ गर्न संलग्न रहेको पाइन्छ ।

### ५.१८.३ शिक्षामा आएको परिवर्तन

पहिला सार्की जातिहरूमा धेरै निरक्षर थिए भने आज बेलाबेलामा जिल्ला शिक्षा कार्यालयबाट दिइने साक्षरता कार्यक्रमले गर्दा साक्षर हुँदै गएका छन् र छोरालाई मात्र होइन छोरीलाई पनि पढाउनु पर्दछ भन्ने अभिभावकमा आएको चेतना कारण छोरीलाई पनि पढाउन थालेका छन् र अझ आर्थिक स्तर केही राम्रो हुनेले छोरालाई बोर्डिङ्गमा पढाउन पनि थालेका छन् भने यस जातिका युवाहरू पहिला त्यति पढाइमा रुचि नलिए पनि आज विभिन्न संघसंस्थाले शिक्षासम्बन्धी

चेतनामूलक कार्यक्रम देखाएकाले र अन्य जातिको सङ्गतका कारण यस जातिका युवायुवतीहरूले पढाइलाई महत्व दिँदै अगाडि बढेको देखिन्छ ।

### ५.१८.४ पारिवारिक संरचनामा आएको परिवर्तन

पहिला सार्की जातिहरूमा संयुक्त परिवारमा बस्ने प्रचलन बढी थियो भने समयको परिवर्तनसँगै संयुक्त परिवारमा बस्दा पारिवारिक आर्थिक बोझ हुने, पारिवारिक कलहका साथै विभिन्न समस्याहुने हुँदा ती सबैबाट मुक्त हुन र भोलिको लागि केही जोहो गर्न सकिन्छ कि भनेर एकात्मक परिवारतर्फ उन्मुख भएको देखिन्छ ।

### ५.१८.५ शौचालयमा आएको परिवर्तन

यस जातिले पहिला खुला रूपमा दिसा, पिसाव गर्ने गर्दथे, त्यसपछि कच्ची शौचालय बनाउन थाले भने आज धेरैजसोले पक्की शौचालय बनाएका छन् । यस्तो परिवर्तन हुनुमा विभिन्न संघसंस्थाले दिएका चेतनाका कारण, समूहमा हुने अन्तर्क्रियाका कारण, अन्य समूहको सम्पर्कका कारण र गा.वि.स. ले निःशुल्क शौचालय निर्माणका सामग्री उपलब्ध गराएका कारण भएको हो ।

### ५.१८.६ परिवार नियोजनमा आएको परिवर्तन

यस जातिमा पहिला जतिसक्यो बढी सन्तान जन्माउने गर्दथे भने आज यसै समुदायका स्वयम् सेविका रहेकाले र परिवार नियोजन सम्बन्धी ज्ञान दिने, सुत्केरी हुँदा सुडेनीको काम समेत त्यही समुदायका मानिसले गर्ने भएका र ठूलो परिवार हुँदा हुने बेफाइदाका बारेमा सरकारी गैरसरकारी संस्थाले दिएको जानकारी, सञ्चार माध्यमबाट पाएको ज्ञान र ठूलो परिवार हुनेको हविगत देखेर सानो परिवारतिर आकर्षित हुँदै गएका छन् ।

### ५.१८.७ छुवाछुतमा आएको परिवर्तन

पहिला माथिल्लो जातिले यस जातिलाई छुन हुँदैन भन्ने मान्यता थियो, छोइएमा नुहाउने गर्दथे भने यस जातिलाई सधैँ एउटै भाँडामा खानेकुरा खान दिन्थे । यसमा केही परिवर्तन भई छुत र अछुतबिच छोइएमा छिटो राख्न थाले भने उनीहरूले खाएका भाँडा दिनभरि घाममा सुकाउने वा भाँडामा आगो राख्ने त्यसपछि आफैले माझी छिटो राखेर मात्र घरभित्र लैजान थाले । आज समयको परिवर्तनसँगै विभिन्न संघसंस्थाले दिएका छुवाछुत सम्बन्धी धारणाका साथै आधुनिकीकरण, शिक्षाका

कारण र पत्रपत्रिका, टि.भी. हेरेका कारण आज मानिस–मानिस छोइँदा र उनीहरूले खाएको भाँडामा आगो राख्ने माझी भित्र लैजाँदा छिटो राख्न छोडिसकेका छन् भने पहिला यस जातिलाई मन्दिर पस्न बन्देज थियो भने आज त्यो बन्देज छैन र अन्य जातिसँग सँगै बसेर मन्दिरमा पूजा गरेको अवस्था छ। चिया पसलमा आफूले खाएको भाँडा मोल्न पर्ने बाध्यतामा परिवर्तन हुँदै आएको छ।

### ५.१८.८ राजनैतिक चेतनामा भएको परिवर्तन

पहिला राजनैतिक चेतना नभएका कारण चुनावमा जसले आर्थिक प्रलोभन देखाउँछ त्यसैलाई भोट दिने गर्दथे। कुनै राजनैतिक तर्क दिन जान्दैनथे भने आजकल विभिन्न दलहरूसँगको सम्पर्क, समयको पविरवर्तन र विभिन्न ठाउँका मानिसको सम्पर्कका कारण कसैको लोभ, प्रलोभनमा नपरी स्वविवेकले निर्णय गर्न सक्षम हुँदै गएका छन्।

### ५.१८.९ महिलाको भूमिकामा आएको परिवर्तन

यस जातिका महिला पहिला पुरुषले जे ल्याउँछ त्यही पकाएर परिवारलाई खुवाउने मात्र भूमिका थियो। आफ्ना आवश्यकता पुरुषलाई भनेर मात्र पूरा गर्ने गरेको अवस्था थियो भने आज अन्य जातिको सम्पर्क र सरकारी तथा गैरसरकारीसंस्थाले विभिन्न समयमा दिएका विविध कार्यक्रमका कारण उनीहरू घरभन्दा बाहिर विभिन्न आयमूलक कार्य गर्न थालेका छन्। आफ्नो र परिवारको आवश्यकता आफैले पूरा गर्न थालेका छन्।

# अध्याय-छ

## सार्की जातिको आर्थिक अवस्था

विकासको मेरुदण्ड नै आर्थिक पक्षलाई मानिन्छ । जुन समाजको आर्थिक पक्ष बलियो छ त्यसको विविध पक्षको विकास सम्भव छ । यदि आर्थिक पक्ष कमजोर भएमा त्यस समाजको विकास प्रायः असम्भव छ । त्यसैले कुनै जातिको विविध पक्षको विकास गर्न पहिला त्यस जातिको आर्थिक पक्ष बलियो बनाउने क्रियाकलाप गर्नु पर्दछ । आर्थिक पक्ष राम्रो भएमा मात्र त्यसले गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता पूरा गर्न तर्फ ध्यान दिन्छ ।

नेपालका केही सीमित व्यक्तिहरू बाहेक दलितहरूको आर्थिक अवस्था कमजोर नै देखिन्छ । यिनहिरूमध्ये सार्की जातिले परम्परागत रूपमा छालाको काम गर्ने, छालाको जुत्ता बनाउने, पशुको छालाबाट माटो बोक्ने, सामान बनाउने आदि काम गर्दथे तर अहिले यस्तो काम यस जातिमा क्रमशः घट्दै गएको देखिन्छ ।

### ६.१ पेशा

श्री कृष्ण गण्डकी गा.वि.स. का सार्की जातिको आर्थिक अवस्थाको अध्ययन गर्दा यस जातिले कसैले पनि छालाको काम नगरेको पाइयो । किन परम्परागत छालाको पेशा नगर्नु भएको भनी प्रश्न गर्दा २० जनाले अघिल्लो पुस्ताबाट नै यो काम छाडेकाले भन्ने उत्तर दिए भने १० जनाले यसबाट जीविकोपार्जन गर्न गाह्रो भएर भन्ने उत्तर दिए । मानिस आफ्नो जीवन निर्वाहको लागि कुनै न कुनै पेसा अँगाल्नु पर्दछ । नेपाल एक कृषि प्रधान देश हो तापनि अझ पनि कृषिमा आधुनिकीकरण गर्न सकिएको छैन । अझ अध्ययन क्षेत्रमा त्यति उब्जाउ भूमि छैन तापनि यहाँका सार्की जातिले कृषिलाई नै मुख्य पेशा बनाइएको पाइयो । यसले मात्र जीवन धान्न नसकी अन्य सहायक पेशा अपनाइएको पनि पाइयो ।

श्री कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ का सार्की जातिले मुख्य पेशा ३ जना उत्तरदाताबाहेक सबैले कृषि भएको बताए भने ती दुई जनाले भने नोकरी गरेको बताए जुन तलको तालिकामा देखाइएको छ :

**तालिका ६.१**

**मुख्य पेशाको आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | मुख्य पेशा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २७ | ९० |
| २ | नोकरी | ३ | १० |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका ६.१ अनुसार ९० प्रतिशत घरधुरीले कृषिलाई मुख्य पेसाको रूपमा र १० प्रतिशत घरधुरीले नोकरीलाई मुख्य पेशाको रूपमा लिइएको पाइयो । स्थलगत अध्ययनको क्रममा २ परिवारले कालीगण्डकी प्रोजेक्टमा र १ जना स्कुल शिक्षक १ पसल सञ्चालनको नोकरीलाई मुख्य पेसा बनाइएको पाइयो । त्यस्तै यस जातिको मुख्य पेशा कृषि भए पनि सहायक पेसा नअपनाएकाले जीवन धान्न कठिन देखिन्छ । कृषिले जीव्न धान्न कठिन हुनुमा यिनीहरूको आफ्नो जमिन थोरै छ र यहाँको जमिन भिरालो पाखो छ भने खेतमा सिँचाइ सुविधा छैन, आकाशे पानीको भर पर्नु पर्दछ । यस्तै स्थलगत अध्ययनमा त्यहाँको सार्की जातिको पेशाको रूपमा हेर्दा फलफूल खेती, दाउरा बेच्ने, व्यापार, नोकरी, विभिन्न सहायक पेसा भएको बताए जसको तथ्याङ्क तलको तालिकामा देखाइएको छ :

**तालिका ६.२**

**सहायक पेशाको रूपमा सार्की परिवारको विवरण**

| क्र.सं. | पेसा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कर्मी काम गर्ने | १० | ३३.३३ |
| २ | दाउरा बेच्ने | ४ | १३.३३ |
| ३ | व्यापार | २ | ६.६६ |
| ४ | फलफूल खेती | ५ | १६.६६ |
| ५ | नोकरी | ४ | १३.३३ |
| ६ | सहायक पेशा | ३ | १० |
| ७ | सिजनअनुसारको व्यापार | २ | ७.७७ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

तालिका ६.२ का अनुसार श्री कृष्ण गण्डकी गा.वि.स. का सार्की मुख्य पेशा कृषिले जीव्नयापन गर्न गाह्रो भएपछि त्यसको विकल्पको रूपमा विभिन्न खालका सहायक पेसा अपनाएर जीवन गुजारा गरेको पाइयो । यसरी विभिन्न खालका सहायक पेसा अपनाउनेमध्ये व्यापार गर्ने ३ जना ६.६६ प्रतिशत छन् । यसमा जुत्ताको पसल, शृङ्गारका सामग्रीका पसल छन् भने कर्मी काम गर्ने १० घरधुरी वा ३३.३३ प्रतिशत छन् । प्राय: कर्मीमा डकर्मी, सिकर्मी लगायत माटो मुछ्ने काम गर्छन् । कुनै कर्मीले सिमेन्ट लगाउने काम गरेको पनि पाइयो । त्यस्तै दाउरा बेच्ने ४ परिवार १३.३३ प्रतिशत छन् । यिनहिरूले बेच्ने दाउरा केही आफ्नो सामुदायिक वनबाट र बढी अरुको वनबाट लुकी छिपी ल्याएर चौक बजार, गुठी बजारसम्म लगेर बेच्ने गर्दछन् । सिजन अनुसारको व्यापार भन्नाले यस गा.वि.स. उत्पादन हुने लौका, फर्सी, घिरौँला, अदुवा जस्ता उत्पादन खरिद गरी बजारमा लगी बेच्ने गर्दछन् ।

यहाँ अनुसन्धानको क्रममा ७ जना युवा वैदेशिक रोजगारको क्रममा विभिन्न देशमा गएको देखियो जसमा साउदी ३, कतार २ र मलेशिया २ जना गएको पाइयो । यी विदेश जाने सबै पुरुष हुन् ।

## ६.२ आर्थिक रूपले सक्रिय र निष्क्रिय जनसङ्ख्या

कुनै पनि जातजातिहरूको आर्थिक पक्षको सन्तुलनमा सक्रिय र निष्क्रिय जनशक्तिले ठूलो प्रभाव पार्ने गर्दछ । सिद्धान्त, आर्थिक क्रियाकलापमा वा अर्थोपार्जनमा शारीरिक तथा मानसिक श्रमका लागि संलग्न रहन वा भाग लिन सक्ने जनसङ्ख्यालाई सक्रिय जनशक्ति भनिन्छ भने यस्ता कार्यमा भाग लिन नसक्ने जनसङ्ख्यालाई निष्क्रिय जनशक्ति भनिन्छ । उमेरका दृष्टिकोणले १४ वर्ष मुनिका बालबालिका र ६० वर्ष माथिका बुढापाकाहरूले साधारणतया शारीरिक, मानसिक आदि कुनै किसिमको श्रम गरी अर्थोपार्जनमा सक्रिय सहभागी हुन नसक्ने हुनाले यिनीहरूलाई निष्क्रिय जनशक्तिको रूपमा लिइन्छ । त्यसैले १५ देखि ५५ वर्ष उमेरसम्मका महिला र पुरुषको जनशक्तिलाई आर्थिक दृष्टिकोणले सत्रिय जनशक्तिका रूपमा लिइन्छ । कुनै ठाउँको सक्रिय जनसङ्ख्यालाई अध्याय पाँचको तालिका ५.१ मा देखाइएको छ ।

अध्याय पाँचको तालिका ५.१ अनुसार सक्रिय जनसङ्ख्या ७१.१३ प्रतिशत र निष्क्रिय जनसङ्ख्या २७.८४ प्रतिशत छ । यसरी सरसर्ती हेर्दा निष्क्रिय जनसङ्ख्याको तुलनामा सक्रिय जनसङ्ख्या दोब्बर भन्दा बढी देखिन्छ । तापनि यसको असर आर्थिक पक्षमा परेको देखिन्छ । असर देखिनुको मुख्य कारण कृषिमा अर्द्धबेरोजगारी हुनु, बाह्रै महिना खेतीपातीको काम नहुनु र नभएको

बेलामा त्यो सक्रिय जनशक्ति निष्क्रिय भएर रहनाले हो । १४ वर्षभन्दा तलका र ६० वर्षभन्दा माथिकालाई निष्क्रिय जनशक्ति भने पनि अध्ययनको क्रममा १२/१३ वर्षका बालबालिका र ७० वर्षका वृद्धवृद्धाले पनि आर्थिक आयआर्जन गरेको पाइयो । स्थलगत अध्ययनको क्रममा एक जना वृद्ध उत्तरदाताले कर्मी काम गरेर आय आर्जन गर्ने गरेको पाइयो ।

## ६.३ भू–स्वामित्वको स्थिति

नेपाल कृषि प्रधान देश भएकाले जमिनको उपलब्धताले मानिसलाई सम्पन्न बनाउँदछ । पर्याप्त जमिन भएमा यसबाट उत्पादित खाद्यान्नले वर्षभरिलाई खाद्यान्न पुग्नुको साथैबढी भएको कृषि उत्पादन बेचबिखन गरी अन्य आवश्यकता परिपूर्ति गर्न सकिन्छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने सार्की जातिको खेतीपातीको कुरा गर्दा कम मात्र खेतीयोग्य जमिन रहेको पाइयो । खेतीपातीमध्ये पनि बढी मात्रामा पाखो बारी रहेको पाइयो । खेतीपाती भए तापनि साहु महाजनको जग्गा अधिया गरेको पाइयो । तलको तालिकामा अध्ययन क्षेत्रको सार्की जातिको भूस्वामित्व दिइएको छ :

**तालिका ६.३**

**भू–स्वामित्वको आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | जमिन | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घडेरी मात्र | २ | ६.६६ |
| २ | १० आना | ३ | १० |
| ३ | १० आना देखि १ रोपनी | ७ | २३.३३ |
| ४ | १ रोपनी देखि २ रोपनी | ६ | २० |
| ५ | २ रोपनी देखि ५ रोपनी | ७ | २३.३३ |
| ६ | आफ्नै जमिन नभएका | ५ | १६.६६ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

अध्ययन क्षेत्रका सार्की परिवारको आफ्नो घडेरी मात्र हुने ६.६६ प्रतिशत अथवा २ घरपरिवार मात्र रहेको पाइयो । ६० प्रतिशत सार्की परिवारको थोरै जमिन भएको र जमिन भएको पनि अधिया कमाएको पाइएको छ । उक्त समुदायमा जमिनमा समानता नरहेको देखिन्छ ।

## ६.४ खाद्यान्नका पर्याप्तता

कुनै परिवारमा भएको आय आर्जन र उत्पादनको आधारमा उसको खानपान, शिक्षा, स्वास्थ्य आदि आधारभूत आवश्यकतामा निर्भर हुन्छन् । आय स्तर र उत्पादन कम भएपछि बिहान के खाउँ बेलुका के खाउँ भन्ने समस्या रहन्छ । यस्तो समस्या भए पछि उसले अरु तर्फ ध्यान दिन सकिरहेको हुँदैन । अध्ययन क्षेत्रको जमिनमा कहीँ धान, मकै, कोदो, गहुँ त कहीँ धान, मकै, कोदो मात्र हुन्छ । धान लगाउने जमिनमा वर्षको एक पटक धान मात्र रोपिन्छ पाखोबारीमा मकै र कोदो लगाइन्छ भने यस जातिको आफ्नो स्वामित्वमा रहेको जग्गाको उत्पादनले थोरै समयका लागि पनि नपुग्ने भएका कारण उनीहरू अरुको जग्गा कमाउन बाध्य भएको देखियो । यस ठाउँका सार्की जातिले अरुको जमिन अधिया कमाएर भए पनि आफ्नो खाद्यान्न पर्याप्तता केही बढाएको देखिन्छ । आफूले उत्पादन गरेको अन्नले कति समय खान पुग्छ भनि उत्तरदातालाई प्रश्न गर्दा विभिन्न खालको उत्तर पाइयो जुन उत्तरको तथ्याङ्क तलको तालिकामा देखाइएको छ :

**तालिका ६.४**

**खाद्यान्न पर्याप्तताको आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | विवरण महिनामा | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिनासम्म खान पुग्ने | ४ | १७.३९ |
| २ | ५ महिनासम्म खान पुग्ने | ५ | २१.७३ |
| ३ | ६ महिनासम्म खान पुग्ने | ७ | ३०.४३ |
| ४ | ९ महिनासम्म खान पुग्ने | ५ | २१.७३ |
| ५ | १२ महिनासम्म खान पुग्ने | २ | ८.६९ |
| | जम्मा | २३ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिकाअनुसार कुल घर सङ्ख्या आफ्नो जमिन नहुने ५ घर सङ्ख्या र घडेरी मात्र हुने घर सङ्ख्या २ लाई हटाएर कुल २३ घर सङ्ख्यालाई समावेश गरिएको छ । उत्पादन हुने अन्नले तीन महिनासम्म खान पुग्ने परिवारको सङ्ख्या १७.३९ प्रतिशत रहेको छ । त्यसरी नै १२ महिना वा एक वर्षभरि खान पुग्ने परिवारको सङ्ख्या ८.६९ प्रतिशत रहेको छ । समग्रमा भन्नु पर्दा ९०.३ प्रतिशत सार्की परिवारलाई आफ्नो जमिनबाट उत्पादित अन्नले वर्षदिन भरि खान पुग्दैन भने ८.६९ प्रतिशत सार्की परिवारलाई मात्र आफ्नो उत्पादित अन्नले वर्षदिन भरि पुग्ने देखिन्छ । यसकारण आफ्नो जमिनबाट उत्पादित अन्नले वर्षदिन भरि खान अपुग भएपछि नपुगेको समयमा अन्न

सहायक पेसाबाट आर्जन गरी खाद्यान्न किनेर खाने गर्दछन् । उत्तरदाताहरूको अनुसार ज्याला मजदुरी, व्यापार, व्यवसाय, वैदेशिक कारोबार र नोकरीबाट प्राप्त आम्दानीबाट खाने गरेको बताए ।

## ६.५ वार्षिक आय

कुनै समाजको आयस्तरले आर्थिक र सामाजिक स्थितिलाई प्रभाव पारेको हुन्छ । यहाँ सार्की जातिको आयस्तरकै कारण आर्थिक स्थिति त्यति राम्रो देखिँदैन । अझ आय अनुरूपको बचत गर्ने बानी नहुँदा पनि सधैँ कमजोर नै रहिरहेको देखिन्छ ।

यस जातिले जति कमाए पनि प्रायः ले बचत गरेको देखिएन । कमाइ सँगसँगै जाँड र रक्सीमा रमाएको देखियो र गाउँ घरमा दैनिक काम पाउने अवस्था नहुने हुँदा काम गर्दाको दिन मोजमस्तीमा रमाउने, काम नहुँदाको दिन सामान्य बन्ने गरेको देखिन्छ । यही  कमाउँदै रमाउँदै गर्ने हुँदा आवशयकता पूरा गर्न ज्यालामजदुरी देखि विभिन्न पेसा गर्न रोजगारको लागि विदेशिने गरेको देखिन्छ । उनीहरूको यो वार्षिक आयलाई विभिन्न आधारमा बाँडी औसत रूपबाट निकाल्ने प्रयास गरिएको छ, जुन तलको तालिकामा देखाइएको छ :

**तालिका ६.५**

**वार्षिक आयको आधारमा सार्की परिवारको सङ्ख्या**

| क्र.सं. | आयस्तर | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. १०,०००-२०,००० सम्म | १२ | ४० |
| २ | रु. २०,०००-३०,००० सम्म | ६ | २० |
| ३ | रु. ३०,०००-४०,००० सम्म | ५ | १६.६६ |
| ४ | रु. ४०,०००-५०,००० सम्म | ५ | १६.६६ |
| ५ | रु. ५०,००० भन्दा माथि | २ | ६.६६ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका ६.५ अनुसार स्थलगत अध्ययनमा ३० घरमध्ये सबैभन्दा थोरै वार्षिक रु. १०–२० हजारसम्म आम्दानी गर्ने धेरै परिवार देखियो जसमा कुल परिवारको १२ वा ४० प्रतिशत छ । यसो हुनुमा यस जातिको बसोबासको स्थानमा सधैँ ज्यालादारी काम नपाउने र पाइने सिजनमा

पनि आफ्नो कृषि कार्यमा लाग्नु पर्ने कारणले हो र सबैभन्दा बढी रु. ५० हजार भन्दा बढी वार्षिक आम्दानी गर्ने २ परिवार छन् जुन कुल परिवार सङ्ख्याको ६.६६ प्रतिशत रहेको छ । रु. ५० हजारभन्दा माथि कमाउने काली गण्डकी 'ए' जलविद्युत परियोजनामा काम गर्ने हुन् । ४० हजारदेखि ५० हजारसम्म आम्दानी गर्नेमा ५ घरपरिवार वा ६.६६ प्रतिशत छ । यस्तो आम्दानी गर्नेमा विदेश जाने र नोकरी हुने परिवार रहेका छन् । उत्तरदातासँग बचतको बारेमा बुझ्न खोज्दा उनीहरूले आफ्नो कुनै बचत नहुने बताउँछन् ।

## ६.६ वार्षिक खर्च

आर्थिक अवस्थाको परिसूचक आम्दानीको विवरण मात्र नभएर खर्चको पनि विवरण हो । जति आम्दानी विवरण लिन सजिलो हुन्छ त्यति खर्चको विवरण लिन गाह्रो हुन्छ । किनभने प्राय: नेपालमा बसोबास गर्ने कुनै पनि जातिले बजेट बनाएर खर्च गरेको पाइँदैन । यस सार्की जातिले पनि बजेट बनाएर बजेट अनुसार खर्च गर्ने गरेको देखिँदैन । झन् यो जातिमा जति खेर जस्तो पर्छ त्यस्तै टर्छ भन्ने मान्यता रहेको पाइन्छ । आफूसँग पैसा भएको बेला जति पनि खर्च गर्न पछि नहट्ने, भोलिको लागि भनेर जोहो नगर्ने, आकस्मिक सानो खर्च गर्ने, पर्ने अवस्था आएमा चर्को ब्याजमा ऋण काढ्न पछि नहट्ने बानी अध्ययन क्षेत्रका यस जातिमा देखिन्छ । नेपाली उखान घाँटी हेरी हाड निल्नु भन्ने उखानलाई बेवास्ता गरेको देखिन्छ । अध्ययन क्षेत्रका ३० उत्तरदाताको भनाइलाई आधार मानी उनीहरूको वार्षिक खर्चलाई तल तालिकामा देखाइएको छ :

**तालिका ६.६**

**वार्षिक खर्चको विवरण**

| क.सं. | खर्च | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. १०,०००-२५,००० सम्म | १३ | ४३.३३ |
| २ | रु. २५,०००-४०,००० सम्म | ७ | २३.३३ |
| ३ | रु. ४०,०००-५५,००० सम्म | ४ | १३.३३ |
| ४ | रु. ५५,०००-५८०,००० सम्म | ४ | १३.३३ |
| ५ | रु. ८०,००० भन्दा माथि | २ | ६.६६ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिकाअनुसार स्थलगत अध्ययनमा ३० परिवारमध्ये सबैभन्दा थोरै ४३.३३ प्रतिशतले वार्षिक १० हजारदेखि २५ हजार खर्च गरेको देखिन्छ भने सबभन्दा थोरै ६.६६ प्रतिशतले ८० हजारभन्दा माथि खर्च गरेको पाइयो । जसमा सबभन्दा बढी १,१०,००० सम्म खर्च गरेको पाइयो। उत्तरदाताले यो रूपैया के–के मा खर्च हुन्छ त भन्दा खाना, लत्ताँकपडा, चाडपर्व भनाउँदा, बिरामी पर्दा औषधि गर्दा, बच्चाको स्कुल र बालबच्चाको किताब किन्दाखेरि खर्च हुन्छ भने । माथिको तालिकाबाट के प्रष्ट देखिन्छ भने यिनीहरूको आम्दानी भन्दा खर्च बढी भएको पाइयो । वर्षैपिच्छे आम्दानीभन्दा खर्च बढी भएकाले ऋण तिर्न नसक्दा भएको यही पाखोबारी बेच्नु पर्दछ कि भन्ने गुनासो केही उत्तरदाताले बताउँछन् । उत्तरदाताको यो भनाइसँग क्याप्लान (१९७२) को भएको केही जमिन पनि पैसा नभएका कारण अधिकांश सार्की जातिले ब्राह्मण, क्षेत्रीहरूलाई बन्धकी वा धितोमा दिएर पैसा लिँदै जाँदा भूमिहीन बन्दै गएको भन्ने कुरासँग मेल खाएको देखिन्छ ।

## ६.७ घरको किसिम

आर्थिक अवस्था केही राम्रो भएको परिवारले घर पनि केही राम्रो बनाउने र कमजोर हुनेले कमजोर घर बनाएको पाइन्छ । त्यसैले एउटै समुदायमा पनि फरक–फरक घरका किसिम रहेका हुन्छन् । यिनै घरलाई हरेर पनि तिनीहरूको आर्थिक अवस्था थाहा पाउन सकिन्छ । स्थलगत अध्ययनको क्रममा यस सार्की जातिका घरहरू पनि विभिन्न किसिमका भएको देखियो, जुन तलको तालिकामा देखाइएको छ :

**तालिका ६.७**

**घरको किसिमका आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | घरको प्रकार | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्की घर | २ | ६.६६ |
| २ | कच्ची/पक्की घर | १३ | ४३.३३ |
| ३ | कच्ची घर | १५ | ५० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिकाका अनुसार छानो खरले छाएको टिनले छाएको तर गाह्रोको अवस्था बिग्रदै गई पुनः निर्माण गर्नु पर्ने घरलाई कच्चीको रूपमा लिइएको छ । जुन १५ घर परिवार छ । यसरी झन्डै एक तिहाइ परिवारको घर ४३.३३ प्रतिशत घर सामान्य खालको भएबाट आर्थिक अवस्था ज्यादै न्यून भएको देखिन्छ । कच्ची/पक्की अन्तर्गत जस्ता वा टिनको छाना भएको ढुङ्गाको वा इट्टाको गाह्रो लगाएको घरलाई लिइएको छ । जुन १३ परिवार रहेका छन् । पक्की घर अन्तर्गत

सिमेन्टले बनाएको वा पोतेको घरलाई लिइएको छ । यसप्रकारका घरमा २ घर रहेका छन् । जुन ६.६६ प्रतिशत रहेको पाइन्छ । यसरी सार्की जातिको घरलाई सरसर्ती हेर्दा कच्ची/पक्की घर जुन टिनले छाएको बढी मात्रामा पाइयो तर सबै टिन हुँदैमा सम्पन्नशाली भने छैनन् किनकि टिनको छाना हुनुको मुख्य कारण भनेको खरले छाउँदा घर वर्षैपिच्छे छाउनु पर्नेर खरको अभाव पनि उत्तिकै भएको कारणले गर्दा टिनले छाउनु पर्ने भएको हो भन्ने कुरा यहाँका सार्की बताउँछन् । जसले गर्दा खर्च पनि कम लाग्ने हुन जान्छ ।

## ६.८ सञ्चारका साधनहरू

यो २१ औं शताब्दी सञ्चार र साधनको युग हो । यहाँ विभिन्न किसिमको सञ्चारका साधन दिन प्रतिदिन नयाँ नयाँ आविष्यकार भएका छन् तापनि नेपालमा प्रायः को आर्थिक स्थिति कमजोर भएका कारण सबै साधनमा सबैको समान पहुँच पुग्न सकेको देखिँदैन । अध्ययन क्षेत्रका सार्की जातिले प्रयोग गर्ने सञ्चारका साधनहरू तलको तालिकामा देखाइएको छ :

**तालिका ६.८**

**सञ्चारका साधनको आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | टि.भि., मोबाइल, रेडियो मात्र हुने | १२ | ४० |
| २ | मोबाइल र रेडियो मात्र हुने | ९ | ३० |
| ३ | मोबाइल मात्र हुने | ७ | २३.३३ |
| ४ | कम्प्युटर, टि.भि., मोबाइल, रेडियो सबै हुने | २ | ६.६६ |
| | जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका अनुसार कुल परिवारको २ परिवारको मात्र कम्प्युटर, टिभि, मोबाइल र रेडियो जस्ता सञ्चारका साधनमाथि पहुँच पुगेको देखिन्छ । जसको कुल जनसङ्ख्याको ६.६६ प्रतिशत मात्र छ । यी साधन हुने परिवारमा २ वा परिवार प्रोजेक्टमा जागिर गर्दछन् । यस्तै यो सार्की जातिहरूमा अधिकांश व्यक्तिहरूसँग मोबाइल भएको पाइयो र यो सब हुनुमा आवश्यकता र समयको मागले गर्दा हो । यस्तै टि.भि. पनि राम्रै देखियो जुन विदेश जाने परिवारको सदस्यले विदेशबाट ल्याएको रहेछन् ।

## ६.९ पशुपालन

आफ्नो पेसालाई कृषि केन्द्रित गर्दै आएका कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ वासी सार्की परिवारले आफ्नो कृषि कार्य एवम् आय आर्जनको स्रोतको रूपमा घरमा विभिन्न किसिमका पशुपंक्षीहरू पालेको पाइयो । अध्ययन क्षेत्रमा २ परिवारले केही पनि पशुपक्षी नपालेको पाइयो । पशुपंक्षी पाल्नेको मात्र तथ्याङ्क तलको तालिकामा देखाइएको छ :

**तालिका ६.९**

**पशुपक्षीका आधारमा सार्की परिवारको विवरण**

| क्र.सं. | पशुको नाम | परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | भैंसी, कुखुरा, बाखा मात्र हुने | १३ | ४६.४२ |
| २ | भैंसी, गोरु, कुखुरा, बाखा समेत हुने | ७ | २५ |
| ३ | बाखा र कुखुरा मात्र हुने | ५ | १७.८५ |
| ४ | बाखा मात्र हुने | २ | ७.१७ |
| ५ | गाइ मात्र हुने | १ | ३.५७ |
| | जम्मा | २८ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६९*

माथिको तालिका अनुसार ७ परिवार वा २५ प्रतिशतले गोरु, भैासी, बाखा, कुखुरा पालेको पाइयो । मुख्य पेशा कृषि भएका २८ घरधुरीका गोरु पाल्ने परिवार ५ परिवार मात्र देखिन्छ । यस जातिमा यति थोरै गोरु पाल्ने परिवार भए पनि भैंसी, बाखा, कुखुरा पनि सँगै पालेको देखियो । अध्ययनका क्रममा धेरै परिवारमा कुखुरा पालेको देखियो । यो कुखुरा पालन व्यवसायको रूपमा नभई मात्र स–साना समस्या समाधानको लागि गर्ने गरेको पाइन्छ र पर–पाहुना आउँदा मासुको लागि बाहिर किन्न जानु नपर्ने, अलिअलि घरको आर्थिक गर्जो टर्ने हिसाबले उनीहरूले कुखुरा पालेको पाइयो । यस्तै २ परिवारले मात्र बाखा पालेको देखियो र समग्रमा सार्की परिवारमा कुखुरा र बाखा पाल्ने परिवार धेरै जना देखियो ।

## ६.१० सार्की जातिको आर्थिक अवस्थामा आएको परिवर्तन

आर्थिक पक्ष अन्तर्गत पेसा, कृषि उत्पादन, पशुपालन, व्यवसाय, रोजगारी आदि पर्दछन् । अध्ययन क्षेत्रका सार्की जातिको आर्थिक अवस्थामा विगत १५ वर्ष यता धेरै नै परिवर्तन आएको कुरा

मुख्य जानकार व्यक्तिबाट र अनुसन्धानकर्ताको अवलोकनबाट थाहा हुन्छ । सार्की जातिका आर्थिक पक्षमा आएका परिवर्तनहरू निम्न छन् :

### ६.१०.१ आय आर्जनमा आएको परिवर्तन

पहिला यस समुदायका मानिस गाउँमा नै बसी आफ्नै गाउँमा मात्र काम गर्दथे भने आज भोलि आधुनिकीकरणका कारण र अन्य जातिको देखासिकीका कारण यस समुदायका मानिस पनि छिमेकी गाउँमा गई ज्यालामा काम गर्ने, स्वदेशका विभिन्न सहरी इलाका र विदेशमा भारत, कतार, साउदी जस्ता देशमा गई आय आर्जन गर्न थालेका छन् ।

### ६.१०.२ पशुपालनमा आएको परिवर्तन

पहिला यस जातिले सुँगुर पाल्ने गर्दथे भने आज समयको परिवर्तनसँगै र सुँगुर पाल्दा स्वास्थ्यमा असर पर्दछ भन्ने चेतनाका कारण आज कसैले पनि सुँगुर नपालेको देखिन्छ । यस जातिले आजभोलि प्रायः भैँसी, गोरु, बाख्रा, कुखुरा पाल्दछन् र पालेका पशुपक्षीलाई राम्रोसँग हेरविचार गरेको पाइन्छ । केही वर्ष अगाडिसम्म यस जातिले अर्काको पशु अधिया पाल्दथे । पालेका पशुलाई त्यति हेरविचार गर्दैनथे भने आज यस जातिले विभिन्न खालका पेसा अपनाएका कारण प्रायः सबैले आफैले किनेर पाल्ने र पालेका पशुलाई राम्रोसँग हेरविचार गरी पाल्न थालेका छन् । यस परिवर्तनको कारक तत्वमा ठूलो तथा उपल्लो जातिको देखासिकी सरकारी, गैरसरकारी संस्थाले विपन्न वर्गलाई सुविधा सहितको पशुपाल्नलाई प्रोत्साहन गरेको र चेतनामा आएको परिवर्नतलाई मान्न सकिन्छ ।

### ६.१०.३ घरको बनावटमा आएको परिवर्तन

पहिला यस जातिका घर साना, कोठा नभएका हुन्थे र त्यही खाना पकाउने, सुत्ने, कुखुरा बाख्रा थुन्ने सँगै गर्दथे भने आज समयको परिवर्तनसँगै घर केही ठूला र सानै भए पनि खाना पकाउने, सुत्ने, कुखुरा थुन्ने वा पाल्ने कोठा छुट्टाछुट्टै बनाएको पनि देखिन्छ । पहिला सबै घर खरले छाएका थिए भन आज टिनले छाएका बढी देखिन्छन् । यस्तो हुनुमा मुख्य कारक तत्व यिनीहरूको आयआर्जनमा वृद्धि हुनु हो भने अन्य कारक तत्वमा अन्य जातिसँगको सम्पर्क चेतनाका कारण र त्यस स्थानमा खरको मात्रा घट्दै जानुलाई मान्न सकिन्छ ।

### ६.१०.४ सञ्चार साधनमा आएको परिवर्तन

पहिला यस समुदायका मानिस सञ्चारविहीन थिए वा यिनीहरूसँग कुनै पनि सञ्चारका साधन थिएन । पछि अर्काको देखासिकीका कारण  छोराछोरीलाई पढाउन थालेपछि रेडियो सुन्न थाले भन्ने पछि अन्य ठाउँको सम्पर्क, आयआर्जनमा वृद्धि, देखासिकी र वैदेशिक रोजगारबाट फर्किंदा लिएर आउनाले आज तिनीहरूसँग मोबाइल, रेडियो, टि.भि. जस्ता सञ्चारका साधनमा धेरैको पहुँच पुगेको अवस्था छ ।

### ६.१०.५ पेशामा आएको परिवर्तन

यस जातिले पहिला छालाको काम गर्ने भए पनि पछि त्यो कामले जीवन गुजारा गर्न गाह्रो हुँदै गएपछि जीवनलाई केही सहज बनाउनको लागि यस जातिले कृषि पेशालाई अँगाल्न पुगेको देखिन्छ । यसले मात्र पनि जीवन गुजारा गर्न अप्ठ्यारो पर्दै जाँदा अन्य जातिको सम्पर्कका कारण, अरु काम पनि गर्नु पर्दछ भन्ने चेतना अभिवृद्धि विभिन्न संघसंस्थाले गराएका कारण यहाँका मानिसहरू नोकरी, ज्यालादारी, वैदेशिक रोजगार जस्ता विभिन्न सहायक पेसामा संलग्न हुँदै गएको देखिन्छ ।

# अध्याय-सात

## सार्की जातिको सांस्कृतिक अवस्था

सार्की जातिलाई आर्य संस्कृतिको अनुयायी भनिन्छ । यस जातिको सांस्कृति पूर्ण रूपमा ब्राम्हाण क्षेत्री भुजेल आदि जातिसंग मिल्दछ । यिनिहरूका प्रय कृयाकलाप अन्य जातिबाट प्रभावित भएको देखिन्छ । त्यसैले कृष्ण गण्डकी गा.बि.स. का सार्की जातिका संस्कृति, मुल्य मान्यता रितिरिवाज पहिरन ब्रम्हण क्षेत्री जातिसंग मिलेको पाइयो यस जातिमा कुनै धार्मिक वा संस्कृतिक कार्य गर्दा पण्डितको रूपमा ज्वाई धानिजलाई पुज्ने गरेको पाइयो भने यस जातिको आफ्नै किसिमको मातृ भषा त छैन । उनिहरू नेपालीलाई नै मातृ भाषाको रूपमा प्रयोग पाइयो । तर नेपाली भाषा बोले पनि बोलिचालिमा आफ्नै पन र शैलि भएको पाइयो । यिनीहरूले माथिल्लो जातिका साना भाई बहिनीहरूलाई पनि तपाई भन्ने गरेको पाइयो । यस जाति धर्मकर्ममा विस्वास राख्ने विभिन्न देबि देवताको पुजा गर्ने देवि देवतालाई भाकल गर्ने गर्दा रहेकछन । यस जातिका मानिसहरू ब्राम्हण क्षेत्रीका जस्तै पोसक र पहिरनमा देखिन्छन खानपानमा दाल, भात, ढिडो, गुन्द्रुक, सिन्की आदि प्रयोग गर्दछन भने यसको साथै जाँड, रक्सी, चुरोट खैनि पनि अत्याधिक खाने गर्दछन भन्ने कुरा मुख्य जानकार व्यक्ति बताउछन ।

### ७.१ भाषा र धर्म

सार्की जातिको बसोवास वडा न.२ मा धेरै छ ता पनि एकै ठाँउमा यिनीहरूको बसोवास छैन छरिएर रहेको छ भने यस जाति भएको ठांउमा अन्य जातिको पनि बसोवास छ । त्यसैले यिनीहरूको भाषा छुट्टै छैन ।अध्ययन क्षेत्रका सबै सार्की परिवरलेनेपाली बोल्ने हिन्दु धर्म मान्ने गर्दछन । यिनीहरूको बोलीमा शिस्टता खालको नभए पनि आजकाल आधुनिकताको प्रभावले गर्दा बोलिचाली भाषा शैलीमा बिस्तारै परिवर्तन हुदै आएको छ ।

### ७. २ रहन सहन

प्रत्येक समाजले आफ्नो भौगोलिक बनोट र परिवेश अनुसार रहन सहन बनाएको हुन्छ । त्यसैले एउटै समुदायका पनि ठाँउ अनुसार फरक फरक खालका रहन सहन हुन्छन ।

#### ७.२.१ भेषभुषा

अध्ययन क्षेत्रका सार्की जातिको छुटै किसिमको भेषभुषा नभएको र यस जातिले अन्य जातिका जस्तै भेषभुषा लगाउने गरेको पाइयो । यस जातिले अन्य जातिका जस्तै भेषभुषा लगाउने

गरेको पाइयो यस जातिका पुरुषले कमिज, टिसर्ट, पईन्ट, दौरा,सुरुवाल टोपि आदि र महिलाले लुंगी, बलाउज, साडी, चोलो, गाउन, कूर्ता, सलवार आदि लगाएको पाइयो महिलाले लगाउने गहनामा रिङ्ग, टप, तिलहरी, मंगलसुत्र, झुम्की चुरापोते, टिका आदि लगाउने गरेको पाइयो ।

### ७.२.२ खानपान

यस जातिको खानपान पनि ब्राम्हण क्षेत्रीको खानपान जस्तै छ । यिजीहरू दाल, धानको ( चामल) भात, मकैको भात, ढिडो, रोटी, मकै, गुन्द्रुक, सिन्की खान्छन भने तरकारीमा फर्सि, लौका, घिरौला, गाभा आदि प्रयोग गर्दछन । यस जातिले अत्यधिक जांड, रक्सि, चुरोट, खैनीको प्रयोग गरेको देखिन्छ भने यो प्रयोग पुरुषले मात्र होईन महिलाले पनि गरेको देखिन्छ । यो जांड रक्सि यिनीहरू झन चाडपर्वमा बढि प्रयोग गर्दछन । यति सम्म कि बिवहामा वा नाता कुटुम्ब कहाँ जांदा कोसेलीको रूपमा रक्सि नै लैजाने गरेको पाइयो ।

### ७.२.३ मनोरञ्जन

मनोरञ्जनका लागि गीत गाउने घरमा रेडियो सुन्ने, टेलिभिजन हेर्ने, गाँउमा विवाह हुँदा रत्यौली खेलि पैसा संकलन गर्ने गर्दछन । आजकाल आमा समुह बनी विधिन्न ठाँउमा गह गीत गाई पैसा संकलन गरी मनोरन्जन पनि गर्दछन ।

## ७.३ सामाजिक संस्कार

संस्कार भन्नाले मानव समाजको आफ्नो शुद्वता, परिस्कृत तथा उन्नतिका लागि विशेष अवसरको रूपमा सम्पन्न गर्ने पर्व वा व्यवहारलाई बुझिन्छ । कृष्ण गण्डकी बासी सार्की जातिको समाजिक संस्कार यस प्रकार रहेको पाइयो ।

### ७.३.१ जन्म संस्कार

ब्राम्हण क्षेत्रीका जस्ता अन्य जातिले गर्ने संस्कारसंग यस जातिको जन्म संस्कार गर्ने तरिका मिलेको पाइयो । गर्भवति हुँदा पनि गर्भवति नहुदा सरह नै काम गर्ने, सुत्केरी घरमा नै गराउने बच्चा जन्मिसकेपछि सालनाललाई थन्क्याउने गरेको पाइयो नाभिलाई अगेनामा गाडेमा खानेबेला टुप्लुक आईपुग्छ भन्ने धरणा रहेको पाइयो । सुत्केरी सामयमा एक महिना सम्म मासु, दुध, घ्यु, खुवाउने गरेको गरेको पाइयो । भने सुत्केरी आराम गर्न केहि दिन माईतिमा बस्न जाने गरेको पनि पाइयो ।

### ७.३.२ छैठि

यस जातिले पनि नावालक जन्मेको ६ दिनलाई छैटिको रूपमा लिइएको पाइयो । उक्त दिन बच्चाको निधारमा भाविले भविष्य लेखिदिन्छ भन्ने विश्वास गरेको पाइयो । यस दिनमा ब्राम्हण पूरोहितको घरमागई बच्चा जन्मेको दिन समय दिएर बच्चाको ग्रहदशा हेरेको पाइयो । ग्रहदशा हेरे वापत पूरोहितलाई १ (एक) माना चामल र केहि पैसा दिने दिने रहेछन ।

### ७.३.३ न्वारन/नामाकरण

कुनै पनि बच्चा जन्मेपछि उसलाई एउटा नाम दिनु पर्छ यहि नाम दिने कार्यलाई न्वारन वा नामाकरण भनिन्छ । यस जातिले पूरोहितको रूपमा भान्जा, ज्वाईलाई बोलाउने साथै दिदि बहिनि बोलाई बच्चा जन्मेको ९ दिनमा नामकरण गर्दा रहेछन नाम राख्दा भने नक्षेत्रको आधारमा इष्टमित्रले तिन पटक कानमा आज देखि तिम्रो नाम यो भयो भनेर सुनाउने गर्दा रहेछन । त्यसपछि ध्यूको धुप दिने घर तथा परिवार सबैलाई गाईको गहुतले चोख्याउने गरेको पाइयो । नामाकरण गर्दा बच्चा र बच्चाको आमालाई ताओ (तागो) पनि बाधिदो रहेछ । न्वारनबाट नै सुत्केरीलाई चोखो पार्दो रहेछ ।

### ७.३.४ भात खुवाई

यस जातिमा पनि भात खुवाइको साइत पूरोहितले नै निकाल्दा रहेछन उक्त दिन आफन्त बोलाई बच्चाको उज्वल भविस्यको कामना गर्दै बालकलाई नयाँ लुगा दिइन्छ । घरको जेठो व्याक्तिबाट बालकलाई खिर खुवाएर सुरु गरिन्छ त्यसपछि क्रमश घरका अन्य सदस्य र आफन्तहरूले खुवाउछन । यो कार्य ब्राम्हणको जस्तै छोरा भए ६ महिनामा र छोरी भए ५ महिनामा गर्ने गरेको पाइयो ।

### ७.३.५ छेवार

बालक किशोर अवस्थामा पुग्नु अगावै बिशेषतः मामाले भाञ्जाको कपाल काटिदिनु पर्छ । कपाल काटिदिनु भन्दा अगाडि मामाले भानिजलाई लुगा टोपी फेरीदिने चलन रहेछ । यस कार्यलाई छेवर भन्दा रहेछन । छेवर नगरी विवाह गर्न हुदैन भन्ने मान्यता रहेको पाइयो । यस्तो किसीमको किशोर अवस्था अगाडी छेवार गर्ने प्रचलन भए पनि यस जातिका केहिले किशोर अवस्था अगाडी नै

छेवार गरे पनि धेरैले विवाहको दिनमा गरेको पाइयो । विवाह गर्न जानु भन्दा अघि धोक्रोमा गाईको पुच्छर राखी ढ्याङग्रो ठोकी कर्म चलाएर विवाह गर्न जाने गरेको पाइयो ।

### ७.३.६ विवाह

हिन्दु परम्परा अनुसार विवाह यस्तो संस्था हो जुन जन्मान्तरको लागि हुन्छ यो अटुट र पवित्र बन्धन हो । विवाहलाई कानुनी रूपमा एउटा संझौताको रूपमा लिएको पाइन्छ । नेपाली समाजमा विवाह अगाडि महिला र पुरुषको यौन सम्वन्धलाई मान्यता दिएको पाइदैन । त्यसैले यौन सम्वन्धको साथ साथै स्त्रीले पुरुष माथि र पुरुषले स्त्री माथि वैधानिक रूपमा अधिकार प्राप्त गर्न गरिने संस्कार नै विवाह हो ।

सार्की समुदायमा पहिला -पहिला वाल विवाह हुने गरको थियो, हुनत अझै पनि १६/१७ वर्षमा विवाह गरेको पाइन्छ । यस जातिमा पहिला विवाह गर्नु भन्दा अघि केटा केटी दुवै पक्षका बसी कुरा छिनी 'भुड्को खुवाउने,भारी खाने' चलन थियो । यसमा केटी पक्षले रोटी, रक्सि लैजाने र केटा पक्षले जाँड रक्सि, कुखुरा लैजाने प्रचलन छ । यी सवै चिजलाई दुवै पक्षका मिली खानुलाई भुड्को र भारी खाने भनिदो रहेछ । यी चिज खाइसके पछि ब्राम्हणको घरमा गई लगन जुराई विवाह पक्की गरिदो रहेछ । आजकाल भने समयको परिवर्तन सँगै भुड्को खुवाउने, भारी खाने प्रचलन घटिसकेको पाइयो । आजकाल प्रेम विवाह बढि हुन्छ भने मागि विवाहमा पनि केटा केटीको मन्जुरीमा टीकाटाला लगाएर विवाहको दिन किटान गर्ने गरेको पाइयो । किटान गरिएको दिनमा केटाको घरबाट जन्ति लिएर केटिको घरमा जाने र हिन्दु विधि अनुसार विवाह गरी डोली अन्माइ पठाउने कार्य हुन्छ भने केटा तफ रत्यौली खेल्ने, बाटो छेक्ने, दुलही भित्र्याउने, दुलहीको मुखहेर्ने गरिन्छ ।

### ६.३.७ मृत्यु संस्कार

मानिस मरणशील प्राणी हो । यो धर्तीमा मानिस २/४ दिनको पाहुनाको रूपमा जन्म लिन्छ पछि उ  आफ्ना सबै आफन्तलाई छाडेर सदाको लागी भौतिक शरिर त्यगि शुन्यमा हराउछ त्यसलाई मृत्यु भनिन्छ । जव मानिस मर्दछ, उ मरे पछि पनि उसलाई संझरहन मृत्युसंस्कार गर्ने गरिन्छ । मृत्युसंस्कार प्रया काजकिरियलाई मान्निछ ।

श्री कृष्ण गण्डकी सार्की जातिमा कुनै मानिस मरेपछि मृत्युसंस्कार राम्रोसँग गरिएन भने मृत अत्माले शान्ति नपाउने, मृत आत्माले परिवारलाई दुःख दिन सक्छ भन्ने मान्याता रहेको पाइयो । यस जातिमा पनि मानिस मरिसके पछि सर्व प्रथम अफ्ना सवै भाई खलकलाई खवर खरिन्छ र सबै

जम्मा भई लासलाई लैजान घारो तयार गरिन्छ । घारोमा लासलाई बाँधिसके पछि शंख वजाउदै सर्वप्रथम छोराले लास बोकी लास माथि फुल, पैसा, धान,चामल छर्दै लासलाई मसानघाटमा लग्ने गरेको र लासलाई जलाउने गरेको पाइयो । लास जलाई सकेपछि छोराहरूले कपाल खौरी नुवाइधुवाइ सेतो कपडा (भुप्रो ) हालेर घरमा आई कोरीमा (कोहिले नछुने गरी किरियापूत्री बस्ने ठाँउ) बस्ने गर्दछन् । यस जातिले धारा तथा कुवामा नुहाई घरमा नै आई आफैले खाना पकाएर खाने गर्दछन । ९ दिनको दिन नुन खाने गर्दछन् । नुन नखाउन्जेल घ्यू, चिनी, कागति, अदुवा, मुला जस्ता बस्तुसँग अफैले पकाएको खाना खान्छन् । यस सार्की जातिमा १० दिनमा गहुत खाई चोखिने, शुद्बिकरण हुने प्रचलन पाइयो । चोखिदा शुद्बिको लागि छोरी ज्वाई भान्जा, भान्जी, नाता कुटुम्वलाई टिका लगाई दक्षिण दिने, शैंयादान गरिदो रहेछ । शुद्बिको दिनमा घाटमा जाने सबै मलामीलाई पितृ प्रसाद ग्रहण गर्न बोलाई खिर, रोटि, तरकारी, अचार, मासु, भात, जाँडरक्सि खुवाउने चलन रहेको पाइयो ।

## ७.४ सार्की जातिले गर्ने पूजाहरू

श्री कृष्ण गण्डकी गा.वि.स.का सार्कीहरूले पनि हिन्दुधर्म नै मान्नेहुँदा हिन्दुधर्म अनुसारका पूजा गर्ने गरेको पाइयो । यस जातिले गर्ने  पूजाहरू निम्न अनुसार छनः-

### ७.४.१ नाग पूजा

यस अध्ययन क्षेत्रका सार्की जातिले श्रावण पञ्चमीमा नागको पूजा गर्ने गरेको पाइयो । जुन दिनलाई नाग पञ्चमी भनिदो रहेछ । यस दिनमा नागको पूजा गरि घरको ढोकामा नागको फोटो टाँसेमा देवताहरू नरिसाउने  र ठिक ठिक समयमा वर्षा हुने, सर्पले मानिसलाई दुख दिदैन भन्ने मान्यता राख्दा रहेछन् । यस दिनमा खेतवारी खनजोत गरेमा नागको शिर काटिन्छ भन्ने उनिहरूमा धारणा रहेको पाइयो । यस जातिले विशेष गरी नागको पूजा पधेरा (कुवा) मा गरेको पाइयो ।

### ७.४.२ वायूपूजा

मरेको मान्छेले आफ्ना परिवारका सदस्यलाई कुनै किसिमको द:ख, कष्ट नदेओस् भनेर वैशाख महिना तिर यस जातिले वायूपूजा गरेको पाइयो । यो पूजा मानिस मऱ्यो तर काजकिरिया भएन वा शुद्ब तरिकाले भएन भने त्यस मृतकले अफ्ना परिवारका सदस्यलाई दु:ख दिन्छन भन्ने विश्वासका कारण मरेका मान्छेलाई एक ठाउँमा यही ठाउँमा बस भन्दै बोटविरुवामुनि पूजा गरी

राखेको पाइयो । वायूपूजा गर्दा पुरुष भए कुखुराको भाले र महिला भए पोथीले पूजा गर्ने गरेको पाइयो । यो पूजा गर्ने प्रचलन भने यूवा पुस्तामा घट्दै गएको पनि देखियो ।

### ७.४.३ माइपूजा

यस जातिको अर्को पूजा माइपूजा हो । यस जातिले माइ भनि गाँउको नजिकै सानो जंगललाई माइ मान्दा रहेछन् र त्यही गएर माइको पूजा गर्दा रहेछन् । पूजा सामग्री (फलफुल, नैवद्य, अविर, केसरी, जौ, ,तिल, लालरोटी) लैजान्छन् र एउटा साझा बाखाको बलि दिंदा रहेछन् अनि त्यसलाई बराबर भाग लगाएर प्रसादको रूपमा ग्रहण गर्दा रहेछन् ।

### ७.४.४ भयर पूजा

यस जातिमा ब्राम्हणको जस्तै भएर पूजा हुने गरेको पाइयो । यस पूजा भने सबैको फरक फरक ठाँउमा भएको पाइयो । यस पूजा गर्दा लावा, रोटी, फलफुल, नैवद्यको साथसाथै कुखुराको भाले र अन्डाको वलि दिने गरेको पाइयो । यो पूजा जेष्ठको पूणिमामा गर्ने गरेको पाइयो । विशेष गरि यो पूजा नयाँ घर बने पछि र घरमा छोराको विवाह भए पछि पनि गर्दा रहेछन् र यो पूजा गनुको मूख्य कारण घरमा पालेका पशुपंक्षी आदिको वृद्धि होस् रोग, व्याधि नलागोस् परिवारका सदस्य सबैलाई राम्रो होस भनेर गर्दा रहेछन् ।

## ७.५ सार्की जातिले मनाउने चाडपर्वहरू

संसारमा जुन सुकै भागमा बस्ने बासिन्दाहरू नै किन नहुन तिनीहरूमा आफ्ना मुल्य मान्यता अनुसार धार्मिक चाडपर्वहरू मनाउने प्रचलन रहेको हुन्छ । कतिपय चाडहरू राष्ट्रिय पर्वको रूपमा त कतिपय क्षेत्रिय र जातिय आधारमा मनाउने गरेको पाइन्छ । त्यसै गरि यस गा.वि.स.का सार्की जातिहरू पनि ब्राम्हण क्षेत्रीका जस्तै विभिन्न चाडपर्वहरू मनाउने गरेको पाइयो, जसलाई यस प्रकार बताउन सकिन्छ ।

### ७.५.१ माघे संक्रान्ति

सांस्कृतिक दृष्टिले हिन्दु मानिसहरू माघे संक्रान्तिलाई महत्व दिन्छन भने यहाका सार्की जातिले पनि यो चाडपर्वलाई मनाएको पाइन्छ । यो चाड माघ महिनामा पर्दछ । यो चाड रोटि, वटुका (मसको पिठोलाई घ्यू वा तेलमा पकाएर बनाएको खाजा), माँसु, जाँडरक्सि खाएर मनाइएको पाइयो । माघे संक्रान्तिको दिन नजिकैको धार्मिक, संस्कृतिक महत्व भएका नदिनाला, तलाउ, दोभान विशेष गरी कालि गण्डकि,आदि खोला आदि स्थानमा गई स्नान गर्दछन, भगवानको दर्शन गर्दछन्

त्यस पछि वटुक, रोटी, फुरौल, तरुल, सखरखण्ड, खुदो चिउरा खाने प्रचलन रहेको मुख्य जानकार बताउँछन ।

### ७.५.२ जनै पूर्णिमा

प्रत्येक बर्ष श्रावण पूर्णिमाको दिन जनै पूर्णिमा मनाइन्छ । यस दिनमा यस जातिले पनि ब्राम्हण क्षेत्रीको जस्तो ज्वाई भानिजको हातको ताओ नबाधे पनि ब्राम्हणसँग ताओ बाध्ने र भान्जा, भान्जी, ज्वाई, कुटुम्वलाई बोलाई मासु भात, रोटी, रक्सि जस्ता परिकार खाने र खुवाउने गरेको पाइयो । ब्राम्हणलाई ताओ बाँधि दिए बापत फलफुल र पैसा दिंदा रहेछन । ताओ भन्नाले पूरोहितले मन्तरेको हातका बाध्ने जनैको धागो हो ।

### ७.५.३ श्रावण संक्रान्ति

यो श्रावण एक गते मनाइन्छ । यति बेला वर्षाको काम सकेर केहि विश्राम लिने समय हो । सार्की जातिले यस दिनमा विभिन्न बनस्पति, फलफुल (आरुको फल, अम्बाको फल, सुन्तलाको फल आदि) लुतेझार, रातपाते, कुभिण्डो, धान विउ, सिरु, बेतको लौरी आदि राखेर पूजा गर्दछन । यस दिन मिठामिठा परिकार मासु, रोटी, जाँडरक्सि खाएर मनाउँछन ।

### ७.५.४ पुस पन्ध्र

यस दिनमा यस जातिले सबै आफन्त जम्मा भई घ्यूमा पकाएको लट्टे (अनादिको गुलियो भात) खाएर यो चाड मनाउँछन् ।

### ७.५.५ तीज

भाद्र शुक्ल तृतीयाको दिन यो चाड ब्रत, उपवास पूजा आदि पवित्र कार्यद्वारा विवाहित नारीले आफ्ना पतिको दिर्घायू तथा उन्नतीको कामना गर्दै मनाउछन् भने यी जातिमा पूजा आजा भन्दा पनि छोरी चेलीलाई बोलाई मिठो मिठो परिकार खुवाउने गरिन्छ जसलाई “दरखाने” भनिन्छ, यस पर्वमा महिलाहरू नयाँ नयाँ कपडा र आर्कषक गहना लगाई मनमा रहेको वेदनालाई गीत मार्फत ब्यक्त गर्दै नाच्ने गाउने गर्दछन् ।

### ७.५.६ बडा दशै (बिजयादशमी)

असोज र कार्तिक महिनामा पर्ने यो महान पर्व बडादशै असत्यको विरुद्धमा सत्यको बिजयको प्रतिकको रूपमा यो पर्व मनाइने गरिन्छ । बडादशैमा राष्ट्रिय स्तरको विदा दिइनाले नै यो पर्बको

महत्व प्रष्ट हून्छ । बडादशैको बेलामा यस सार्की जातिले पनि आफुसँग जे भएको र नभए ऋण खोजि, ज्याला मजदुरी गरि आफ्नो गच्छे अनुसार यो पर्व मनाउने गर्दछन् । प्रत्यक वर्ष आश्विन शुक्ल प्रतिपदाको दिन देखी कोजाग्रत पूर्णिमा सम्म धुमधामका साथ दशैं मनाउँछन । घटस्थापनाका दिन घर लिपपोत गरी धान, मकै, जौ मिसाएर जमरा राख्दछन् । अष्टमी वा नवमीको दिन प्राय भैंसी काट्छन् । दशमीको दिनमा घरका सवै परिवार जम्मा भई मान्यजनको हातबाट टिका र आशिर्वाद लिने प्रचलन छ । आफ्ना मान्यजनबाट आशिर्वात लिने काम यिनीहरू दशमी देखि कोजाग्रत पूर्णीमा सम् मगर्दछन् । योजातिका लागी यो चाड बढि खर्चालु देखिन्छ किनभने यस जाति भए पनि नभए पनि राम्रो लगाउने, मिठो खाने, अत्याधिक जाँड रक्सि पिएर मस्तसँग झुलेर बस्तछन्, जुवा तास खेल्दछन् ।

### ७.५.७ तिहार (भाई टिका)

हिन्दुहरूको अर्को महान चाड तिहार यी जातिले पनि दशै पछिको ठुलो चडको रूपमा मान्दछन् । यिनीहरूले मनाउने पर्व अन्य जातिहरूको भन्दा फरक देखिदैन । तिहार कृष्ण त्रयोदशीका दिन देखि लगातर  पाँच दिनसम्म मनाउछन् । पहिलो दिन काग तिहार, दोश्रो दिन कुकुर तिहार, तेश्रो दिन गाईपूजा र वेलुकी लक्ष्मी पूजा, चौंथो दिन गोवर्धन पूजा र अन्तिम दिन भाईपूजा गर्दछन् । दाजुभाई र दिदीवहिनीअरुको बिचमा जनम्जनमसम्म गढिलो नाता रहिरहोस् दाजुभाई र दिदीबहिनीले एक अर्कालाई कहिल्यै पनि नभुलुन, आफ्नो दाजुभाईहरूलाई कहिल्यै पनि दुःख कष्ट नहोस् जस्तो परिस्थिति आए पनि त्यसलाई सामना गरेर सफलताको उचाईमा आफ्ना दाजुभाईहरू चढुन भन्ने कामना सहित यो पर्जमा दिदीबहिनीहरूले आफ्नो दाजुभाईहरूलाई निधारमा सप्तरङ्गी टिका र घाँटीमा सयपत्री र मखमलीको माला लगाइदिई यो चाड मनाउने गर्दछन् । जस्तो गरी मखमली फूल कहिले सुक्दैन त्यसैगरी दाजु र बहिनीको मायाँ पनि कहिले टुट्दैन भनि यो पर्व मनाइने गरिन्छ । दाजुभाईले पनि गच्छे अनुसार दिदी बहिनीहरूलाई उपहार दिन्छन् देउँसी भैलो खेलेर रमाइलो गर्दछन ।

## ७.६ सार्की जातिको सांस्कृतिक अवस्थामा आएको परिवर्तन

मानिसका खानपान,सोचाई लवाई, भाषा, मुल्यमान्यता, चाडपर्व मनाउने तरिकामा आउने नयाँपन नै सांस्कृतिक परिवर्तन हो । अध्ययन क्षेत्रका यस समुदाय वा जातिमा पनि विगत १५ वर्ष यता संस्कृतिक रूपमा केहि न केहि परिवर्तन भएको मुख्य जानकार व्यक्ति र अवलोकनबाट देखिन्छ । यस जातिमा आएका सांस्कृतिक परिवर्तन तल दिइएको छ ।

### ७.६.१ भेष-भूषामा आएको परिवर्तन

यस जातिका मानिसले पहिला घलेक, लुंगी, कछाड र भोटो लगाउँथे भने आज अधुनिकीकरणको प्रभाव र अन्य जातिको देखा सिकी र विभिन्न ठाउँका मानिसहरूको सम्पर्कका कारण सर्ट, पाइन्ट, कुर्ता सलवाल, साडी, ब्लाउजका साथमा विभिन्न किसिमका फेसेनेवल कपडा लगाउने गर्दछन् ।

### ७.६.२ वोलिचालीमा आएको परिवर्तन

अध्ययन क्षेत्रका यस जातिले पहिला आफुभन्दा ठुला र सानालाई आदर र सम्मान गरेको पाइदैनथ्यो भने आज चेतना र शिक्षाका कारण आदर सम्मान गर्ने गरेको पाइन्छ । पहिला यिनीहरूले वोल्ने शैलमा शिष्टता थिएन, सुन्न नै अप्ठारो पर्ने खालका गाली गलोज गर्दथे भने आज देखा सिकी,चेतना र शिक्षाका कारण यिनीहरूमा नम्र वोली, केहि शिष्टता भएको देखिन्छ ।

### ७.६.३ खानपानमा आएको परिवर्तन

यस जातिले पहिला मकैको चाख्ला, ढिडो, रोटी, मकै, गुन्द्रुक खाने भए पनि आज समयको परिवर्तन, धेरै ठाउँका मानिसको सम्पर्क र आधुनिकीकताका कारण दाल, भात, रोटीको साथमा चाउचाउ, विस्कुट, मःमः, चाउमीन जस्ता पसलका तयारी वस्तु बढि खान थालेका छन् । घरायसी रूपमा सिनो खाने, भैसीको मासु खाने यो जाति आज अरु जात सरह बन्न खोज्दा आज सिनो र भैंसीको मासु खान छोड्दै गएको देखिन्छ । अत्याधिक जाँड रक्सि खाने जात भएपनि कोसेलीको रूपमा जाँड रक्सि लैजाने कार्य हटाउदै गएको देखिन्छ । यसको सट्टा फलफुल, कपडा पनि लैजान थालेका छन् ।

### ७.६.४ नामाकरण र संस्कारमा आएको परिवर्तन

यस जातिमा पहिला बच्चा जन्मिदा बार अनुसारका नाम आइत बहादुर, मगंल बहादुर, बुध बहादुर जस्ता राखे पनि आज अरु जातिको सम्पर्कका कारण, संञ्चार माध्यमका कारण आधुनिक नाम राख्न थालेका छन् ।

### ७.६.५ पास्नी संस्कारमा आएको पविर्तन

यस जातिले छोराको ६ महिनामा र छोरीको ५ महिनामा पास्नी गर्दछन् । यो पस्नी गर्दा पहिला घरका सदश्यले मात्र भात खुवाउथे भने आजकाल दिदी,बहिनी, मावली खलक जस्ता

नातेदार बोलाएर जे सक्यो खुवाउने र पाहुनाले पनि बच्चालाई गच्छे अनुसार उपहार दिन थालेका छन् । उपहारमा कपडा, पैसा तथा बच्चाका खेलौना पनि दिने गर्दछन् ।

### ७.६.६ जन्म संस्कारमा आएको परिवर्तन

यस जातिका महिला पहिला गोठ, खेतवारी जस्ता ठाउँमा कडा काम गरिरहेको अवस्थामा बच्चा जन्माउथ्ये भने हाल स्वास्थ्य सेवा सम्वन्धी ज्ञानले सके सम्म स्वास्थ्य संस्थामा त्यति नभए पनि घरमा आराम सित सुत्केरी गराएको देखिन्छ । हाल सुत्केरी गराउन स्वास्थ्य संस्थामा जानुमा प्रमुख कारणमा स्वास्थ्य संस्थामा सुत्केरी गराउनेलाई सरकारले केहि सहयोग गर्ने निति लिएकाले हो ।

### ७.६.७ विवाह संस्कारमा आएको परिवर्तन

यस जातिमा पहिला वाल विवाह, बहुविवाह, अनमेल विवाह, मागी विवाह आफ्नो जाति भित्र हुने गरे पनि आज अन्य जातिको सम्पर्क, शिक्षा र आधुनिकीकरणको प्रभावका कारण मागी विवाह बाहेक सवै विवाह हट्दै गएका छन तापनि आज पनि १४/१५ वर्षमा विवाह नभएका चाहि होइनन् । आज मागी विवाह सँगै प्रेम विवाह यस जातिमा बढदै गएको छ । पहिला मागी विवाहमा विवाह गर्नु  अघि केटा केटी दुबै पक्षका बसी कुरा छिनी 'भूड्को खुवाउने, भारी खाने' चलन थियो । यसमा केटी पक्षले रोटी, रक्सि लैजाने र केटा पक्षले जाँड, रक्सि, कुखुरा लैजाने प्रचलन थियो । यी सबै चिजलाई दुबै पक्षका मिलि खानुलाई भूड्को खुवाउने र भारी खाने भनिदो रहेछ । यी चिज खाए पछि मात्र दुवै पक्ष विवाहको लागी तयार भएको बुझिदो रहेछ । त्यसपछि ब्रम्हणको घरमा गई लगन जुराई विवाह पक्का गरिन्थ्यो भने आज समयको परिवर्तन र अरु जातिको सम्पर्कका कारण भूड्को खुवाउने र भारी खाइ गरिने विवाह हटिसकेको छ । आजकाल भने मागी विवाहमा ब्राम्हण क्षेत्रीको जस्तै केटा केटीको मन्जुरीमा टिकाटाला लगाएर विवाहको दिन किटान गर्दछन् । मागी विवाहको साथै प्रेम विवाह पनि बढ्दै गएको छ । यो प्रेम विवाह सार्की जाति भित्र मात्र नभई अन्तरजातिय पनि हुँन्दै गएको छ । विवाह गर्ने तरिकामा पनि परिवर्तन हुँदै आएको छ । पहिला मागी विवाहका भान्जा वा ज्वाइलाई पूरोहितको रूपमा बोलाएर विवाह गरिन्थ्यो भने आज समयको परिवर्तन, अन्य जातको सम्पर्क र अरुको देखासिकीका कारण ब्राम्हण पंडित वोलाएर जग्गीया नै लगाएर विवाह मण्डप बनाएर गर्दछन् ।

### ७.६.७ सार्की जातीको सामाजिक-आर्थिक अवस्थामा परिवर्तन आएको कारण र परिणाम

सार्की जाती पहिलेको अवस्थावाट अहिलेको अवस्थासम्म आइपुग्न विभिन्न विघ्नवाधाहरूलाई पन्छाउँदै लाल्छना, घृणा र उत्पिडन जस्ता कुराहरू लत्याउँदै यो अवस्थासम्म आई पुग्न सफल भएको पाइयो । जहाँ श्रीकृष्ण गण्डकी गा.बि.स.मा रहेका सार्कीहरूमा परिवर्तन आउनका कारण

जुन आफु सोधकर्ता त्यहीं गाँउमा हुर्केको र वढेकोले यहाँका सार्की जातिको विगत र वर्तमानलाई नजिकबाट नियालेर अध्ययन गरेको छु । उनीहरूको बारेमा अध्ययन सामाजिक र अर्थिक अवस्थामा परिवर्तन आउनको कारण विभिन्न पक्षहरूले गर्दा उनीहरूको ब्यवहार, चालचलन, रीतिरिवाज र रहनसहनमा परिनर्तन आउनको कारण र परिमाणलाई यी विभिन्न बुँदाहरूमा यसरी देखाउन सकिन्छ–

- विभिन्न गैरसरकारी संस्थाहरूले विभिन्न पक्षमा जस्तै (Toilet) चर्पी, धारामा सहयोग गरे जसको परिमाण उनीहरू पिसाब गर्न बाहिर जंगल तिर गएनन् जसले गर्दा उनीहरू विभिन्न रोगहरूवाट जोगिए । त्यस्तै खानेपानीको धाराबाट पनि उनीहरू लाभान्वित भए ।
- त्यसतै काली गन्डकी जलविद्युत योजना निर्माण भए पछि सार्की जातिले रोजगार पाउन थाले जसले गर्दा उनिहरूको आधारभुत आवश्यकताहरू सरल रूपमा परिपुर्ति हुन थाले र चेतनामा पनि बृद्धि हुन थाल्यो ।
- अहिले सार्की टोलमा नै उच्च मा वि स्थापना भएको छ । जसको कारणले गर्दा छोराछोरीलाई शिक्षा दिनु पर्दछ, स्कुल पढाउनु पर्दछ भन्ने भावनामा विकास भयो । जसले गर्दा शिक्षामा वृद्धि र छोरीहरू पनि स्कुल जानथाले शिक्षित हुन थाले । हिजोसम्म सिनो खाने सार्की जाति आज सुगुर पनि पाल्न छोडेका छन् ।
- यस्तै पहिला विरामी हुनासाथ धामी-झाक्रीलाई गुहार्न जाने सार्की जातीमा यी विभिन्न कारणहरूले गर्दा नजिकको स्वास्थ्य चौकीमा जान थालेका छन । उनीहरूमा कुरुती, कुसंस्कार र अन्धविश्वास जस्ता सामाजिक कुरुतीका काला वादलहरू हट्दै गएको पाइएको छ । रक्सी खाएर मातेर हिड्ने सार्की जातीमा अहिले आफ्नै काम गरेर खाने, कसैलाई दुःख नदिने बानीको विकास भएको छ जनसहभागितामा बृद्धि भएकोछ ।

यसरी पहिलेको अवस्थालाई हेरेर अहिलेको अवस्थालाई केलाउँदा सार्कीजातीमा द्रुत परिवर्तन आएको पाइएको छ ।

# अध्याय-आठ

# सारांश - निष्कर्ष

## ८.१ सारांश

प्रस्तुत शोधपत्रको शीर्षक "सार्की जातिको सामाजिक र सांस्कृतिक अवस्था, स्याङ्जा जिल्लाको श्री कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ को एक अध्ययन" रहेको छ। यो शोध तयार पार्दा कृष्ण गण्डकी गा.वि.स. मा बसोबास गर्ने ३० घरपरिवारका सार्की जातिलाई समावेश गरिएको छ।

प्रस्तुत शोधपत्रमा निम्नलिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास भएको छ :

(१) कृष्ण गण्डकीवासी सार्की जातिका सामाजिक, आर्थिक एवम् सांस्कृतिक अवस्था कस्तो रहेको छ ?

(२) सार्की जातिसँग दलित र गैरदलितले गर्ने व्यवहार कस्तो छ ?

(३) कृष्ण गण्डकी गा.वि.स.का सार्की जातीको सामाजिक आर्थिक एवं सांस्कृतिक परिवर्तनले के–कस्तो र परिवर्तनका कारण के–के रहेका छन् ?

भने अध्ययनका उद्देश्यहरू निम्न रहेका छन् :

क) सार्की जातिको सामाजिक तथा आर्थिक पक्षको विश्लेषण गर्नु।

ख) सार्की समूदायको सामाजिक र सांस्कृतिक पक्षको विश्लेषण गर्नु।

ग) सार्की जातिको आर्थिक अवस्था र त्यसमा आएको परिवर्तनको कारण खोजी त्यसले पारेको प्रभाव बारे अध्ययन गर्नु।

श्री कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ का सार्की जातिलाई नै अध्ययनको विषय र क्षेत्र छनोट गर्नमा यस भन्दा पहिला यस ठाउँका सार्की जातिको अध्ययन नभएकोले शोधकर्ता स्वयं यस गाउँको स्थायी बासिन्दा हुनुका साथै लामो समय सम्म यस जातिसँग सँगत गर्ने मौका पाएकोले सत्य एवम् विश्वसनीय सूचना सङ्कलन गर्न सजिलो हुने भएकोले अध्ययनका लागि यस क्षेत्र नै छनोट गरिएको हो। यो शोधकार्य सम्पन्न गर्नका लागि वर्णनात्मक विधि बढी प्रयोग गरिएको छ। सार्की जातिका ३० घरधुरीलाई यस अध्ययनमा समावेश गरिएको छ। यस अध्ययनको क्रममा घरमूली र घरमूली बाहिर गएको अवस्थामा परिवारका अन्य जानकार सदस्यलाई जवाफदाता बनाइएको छ। यस विधिलाई जनगणना विधिलाई अपनाउँदै प्राथमिक र द्वितीय दुवै विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक स्रोतमा अवलोकन अन्तर्वार्ता अनुसूची आदि प्रयोग गरिएको

छ । साथै त्यस जातिका जानकार व्यक्तिलाई पनि लिइएको छ भने द्वितीय स्रोतमा सरकारी, गैरसरकारी संस्था, व्यक्तिगत प्रकाशन, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, पत्रपत्रिका, गा.वि.स. को वस्तुगत विवरण आदिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कको विश्लेषणमा गुणात्मक तथ्याङ्कलाई सामानय रूपमा वर्णन गरिएको छ भने सङ्ख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा तालिकामा देखाइएको छ ।

सार्की जातिको कुल जनसङ्ख्यालाई उमेरगत रूपमा हेर्दा १५–५४ वर्ष उमेर समूहका आर्थिक रूपले सक्रिय जनसङ्ख्या ६१.१३ प्रतिशत र १४ वर्षसम्म र ६० वर्ष भन्दा माथिका निष्क्रिय जनसङ्ख्या २७.८४ प्रतिशत रहेका छन् । उत्तरदाताको उमेरगत आधारमा बढी ४१–५० वर्ष उमेर समूहका ३३.३३ प्रतिशत कम ७१ वर्षमाथि उमेर समूहका ३.३३ प्रतिशत छन् । लिङ्गगत आधारमा महिला उत्तरदाता ६० प्रतिशत र पुरुष उत्तरदाता ४० प्रतिशत छन् । उत्तरदाताको वैवाहिक स्थितिलाई हेर्दा सबैभन्दा बढी विवाहित ६३.३३ प्रतिशत र कम अविवाहित र विदुर क्रमशः ६.६६ र १० प्रतिशत रहेका छन् । एकात्मक परिवार ६३.३३ प्रतिशत र संयुक्त परिवार ३६.६६ प्रतिशत छन् भने परिवारको आधारमा सबैभन्दा बढी परिवार सङ्ख्या हुने २६.६६ प्रतिशत र कम २ परिवार सङ्ख्या हुने ६.६६ प्रतिशत घरधुरीरहेका छन् ।

कुल सार्की परिवारको शैक्षिक आधारमा सबै भन्दा बढी प्रा.वि. सम्म पढ्ने २५.५० प्रतिशत रहेका छन् भने कम प्रवीणता उत्तीर्ण ३.३५ प्रतिशत रहेका छन् भने उत्तरदाताको शैक्षिक स्थितिलाई हेर्दा निरक्षर २६.६६ प्रतिशत र उच्च शिक्षा हासिल गर्ने १०.१० प्रतिशत रहेका छन् । ३० उत्तरदातामध्ये बढी परिवार नियोजनका साधन प्रयोग नगर्ने ६० प्रतिशत र कम स्थायी साधन प्रयोग गर्ने १० प्रतिशत रहेका छन् । बिरामी पर्दा पहिला स्वास्थ्य चौकी जाने ६३.३३ प्रतिशत र धामी झाँक्री, घरेलु उपचार गर्ने सबभन्दा कम ६.६६ प्रतिशत उत्तरदाता रहेका छन् । पक्की शौचालय ७० प्रतिशत र ३० प्रतिशत शौचालय कच्ची रहेका छन् ।

कुल ३० उत्तरदातामध्ये मुख्य पेसा कृषि हुने सबैभन्दा बढी ९०प्रतिशत र सबभन्दा कम नोकरी हुने १० प्रतिशत रहेका छन् भने सहायक पेसामा सबैभन्दा बढी कर्मी काम भएका ३३.३३ प्रतिशत र सबभन्दा कम सिजन अनुसारको व्यापार ३.६६ प्रतिशत रहेका छन् । वडा नं. २ का सार्की जातिका जीवन निर्वाहमा प्रत्यक्ष प्रभाव पार्ने अर्को तत्व उनीहरूको स्वामित्वमा रहेका जमिन पनि हो । यो कुरालाई अध्ययन गर्दा २ रोपनी, ५ रोपनी र १० आनादेखि १ रोपनी जग्गा हुने ७/७ परिवार देखियो जुन बराबर रहेको छ २३.३३ प्रतिशत र दुवैबाट रहेको छ भने थोरै जग्गा हुनेमा घडेरी मात्र जुन २ परिवार वा ६.६६ प्रतिशत रहेको छ । कुल २३ घरधुरीका मुख्य पेशा कृषि भए

पनि आफ्नो उत्पादनले ९ महिना मात्र खान पुग्ने ५ वा २१.७३ प्रतिशत परिवार रहेका छन् भने सबभन्दा कम वर्षभरि खान पुग्ने २ वा ८.७९ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रका सार्की जातिका विभिन्न किसिमका आय आर्जन गर्ने माध्यम भएकोले त्यहाँ तिनीहरूका केही वार्षिक आम्दानी भएको पनि पाइयो । रु. १० हजारदेखि २० हजारसम्म वार्षिक आम्दानी गर्ने कुल परिवारको ४० प्रतिशत परिवार छ भने रु. ५० हजार भन्दा बढी वार्षिक आम्दानी गर्ने पविार जम्मा ६.६६ प्रतिशत मात्र छन् । वार्षिक खर्चको कुरा गर्दा रु. १० हजार देखि २५ हजार वार्षिक खर्च गर्ने ४३.३३ प्रतिशत परिवार छन् भने कम रु. ८० हजार भन्दा बढी खर्च गर्ने जम्मा ६.६६ प्रतिशत छन् ।

कमजोर आर्थिक अवस्थाका कारण ४३.३३ प्रतिशत परिवार कच्ची/पक्की घरमा बसोबास गरेका छन् भने पक्की घरमा बस्ने परिवार जम्मा ६.६६ प्रतिशत छन् । श्री कृष्ण गण्डकी गा.वि.स. वडा नं. २ का सार्की जातिमा आधुनिकताको प्रभाव परेको पाइयो । जसले गर्दा उनीहरूले विभिन्न किसिमका सञ्चारका साधन/योग गरेको पाइयो जसमा ४० प्रतिशत परिवारसँग टि.भि., मोबाइल, रेडियो रहेको पाइयो भने ६.६६ प्रतिशत सँग मात्र कम्प्युटर, मोबाइल, टि.भि., रेडियो रहेको पाइयो । शतप्रतिशत परिवारसँग मोबाइल भएको पाइयो अनि जिवन निर्वाहको क्रममा खेतीपाती गर्न तथा आय आर्जन गर्नका लाीग यिनीहरू पशुपक्षी पनि पालेको पाइयो जसमा ४६.४२ प्रतिशत परिवारले भैंसी, कुखुरा, बाखा पालेको पाइयो भने ३.५७ प्रतिशत परिवारले गाइ मात्र पालेका छन् । अध्ययन क्षेत्रका २८ परिवारमध्ये ९७ प्रतिशत परिवारले बाखा पालेको देखिन्छ । धार्मिक रूपले अध्ययन क्षेत्रका यस सार्की जातिले हिन्दु धर्म नै मान्ने गरेको पाइयो र यिनीहरूको भाषा पनि नेपाली नै भएको पाइयो । यस जातिको अन्य जातिसँगको सम्बन्ध हेर्दा ब्राह्मण, क्षेत्री र मगरसँग बढी राम्रो भएको पाइयो । यस जातिमा पनि अरु जातिको जस्तै आर्थिक कारोबार, बाह्य रेखदेख आवश्यक सामग्री जुटाउने, हलो जोत्ने जस्ता गाह्रो काम पुरुषले गर्ने र घरभित्रको काम बालबच्चा हेर्ने, सरसफाइ गर्ने, खेतीपातीमा सहयोग गर्ने काम महिलाले गरेको पाइयो । यस जातिमा पनि पितृसत्तात्मक सोच भएका कारण सम्पत्तिको अधिकार पुरुषमा नै जाने गरेको पाइयो ।

अध्ययन क्षेत्रका सार्की जातिको सांस्कृतिक अवस्थालाई हेर्दा यिनीहरू पनि हिन्दुले जस्तै पूजापठ, धर्मकर्म, विभिन्न किसिमका संस्कार गर्ने गरेको पाइयो । यस जातिको खानपानमा दाल, भात (धान, मकै), रोटी, ढिँडो, मकै, गुन्द्रुक, सिन्की आदि पाइयो भने उनहिरूले जुनसुकै चाडपर्व वा संस्कारमा जाँडरक्सी र मासु अत्यधिक प्रयोग गरेको भेटियो । यस जातिमा पुरुष मात्र नभई महिला पनि मद्यपान र धुम्रपान जस्ता स्वास्थ्यलाई हानि पुऱ्याउने वस्तु सेवन गर्ने गरेको पाइयो । यस

जातिको भेषभूषामा पुरुषले कमिज, टिसर्ट, पाइन्ट, दौरा, सुरुवाल, टोपी र महिलाले गाउन, ब्लाउज, चोलो, धोती, साडी, कुर्ता र सलवार आदि लगाउने गरेको पाइयो भने यिनहिरूको सामाजिक संस्कारमा जन्म, छैठी, न्वारन, पास्नी, छेवर, विवाह र मृत्यु संस्कारका साथै विभिन्न किसिमका देवीदेवताका पूजा गर्नुका साथै यस जातिले गर्ने नाग, भयर, पूजा गर्नुका साथै विभिन्न चाडपर्व पनि मनाउने गरेको देखियो । यिनीहरूमा प्राय: जसोले आफ्ना भाञ्जा तथा ज्वाइँलाई पूज्ने चलन छ वा भान्जा ज्वाइँलाई नै यस जातिमा पुरोहित बनाएको पाइयो ।

विगत १५ वर्षको समयमा अध्ययन क्षेत्रमा रहेका सार्की जातिमा अरु जातिको सम्पर्क शिक्षा विभिन्न संघसंस्थाले दिएको चेतना वा वृद्धिको कार्यक्रम, पत्रपत्रिका, टि.भि., रेडियो आदि हेर्ने र सुन्ने गरेर यस जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थामा धेरै परिवर्तन आएको कुरा मुख्य जानकार व्यक्तिबाट थाहा भयो । यस जातिमा आएका परिवर्तनमा विवाहमा स्वास्थ्य उपचारमा, सरसफाइमा, पारिवारिक संरचनामा, छुवाछुतमा, आय आर्जनमा, पशुपालन, घरको किसिम र आकार, भेषभूषा, खानपान आदिमा समेत परिवर्तन हुँदै गएको कुरा अध्ययन पछि थाहा पाइयो ।

## ८.२ निष्कर्ष

स्याङ्जा जिल्ला श्री कृष्णगण्डकी गा.वि.स. मा पुस्तौादेखि बसोबास गर्दै आइरहेका सार्की जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्ष र समय क्रममा आएको परिवर्तनको समग्रमा अध्ययन गर्दा निम्नलिखित निष्कर्षमा पुगियो :


२०२० को मुलुकी ऐनले छुवाछुत र जातपात सम्बन्धी कुरा दण्डनीय हुने २०६३ को अन्तरिम संविधानमा जातजाति, धर्म, समानता, समावेशी, छुवाछुत विरुद्धको हक शिक्षा आदिको व्यवस्था गरे पनि अध्ययन क्षेत्रका यस जातिमा दलित र गैरदलित बीच मात्र नभई दलित–दलित बीचमा अझै पनि छुवाछुत व्याप्त नै देखिन्छ । यस जातिको शैक्षिक स्थिति कमजोर नै देखिन्छ । नि.मा.वि. भन्दा पछिको शिक्षामा यस जातिको पहुँच कम हुँदै गएको उच्च शिक्षा हासिल गर्ने निकै कम देखिन्छ । यस जातिमा परिवार नियोजनको चेतना कम नै भएको देखिन्छ भने स्वास्थ्य स्थिति हेर्दा पनि कमजोर हुनुमा पौष्टिक आहारको कमी र अत्यधिक मदिरा सेवन गर्नु हो ।

यिनीहरूको परम्परा पेसा छालाको काम गर्ने भए पनि समयको माग अनुसारका छालाको जुत्ता वा छालाका सामग्री बनाउन सक्न अध्ययन क्षेत्रका यस जातिको त्यो पेसा लोप हुन गई विकल्पको रूपमा कृषिलाई मुख्य पेसा बनाइएको देखिन्छ । कृषि मुख्य पेसा भए पनि परम्परागत निर्वाहमुखी कृषि प्रणाली नै अपनाएका छन् । सार्की जातिको भू–स्वामित्वको स्थिति पनि नाजुक छ,


यिनीहरूसँग जमिन कम छ । त्यसमा पनि पाखोबारी मात्र भएकाले धान खेतका लागि अरुको जमिनमा आश्रित भएर अधिया जमिन कमाउन बाध्य छन् । समयको परिवर्तन र चेतनाका कारण पशुपक्षीबाट फाइदा देखी पाल्न थालेका र यसरी पाल्नेमा बढी बाखा रहेका छन् । यस जातिमा आम्दानी भन्दा खर्च बढी भएको देखिन्छ भने बिहान बेलुका छाक टार्न मुस्किल भए पनि विभिन्न सञ्चारका साधनको उपयोग रेका छन् । यस जातिका घरहरू एकतले हुन्छन् ।

यस जातिको कुनै छुट्टै किसिमको मातृभाषा नहुँदा नेपाली नै बोल्दछन् र धर्म पनि हिन्दू नै मान्ने हुँदा जातिगत संस्कार, देवता पूजा, चाडपर्व सबै त्यसै अनुरूप भएका पाइन्छन् । पुरोहितको रूपमा ज्वाँइ–भानिजलाई मान्दछन् । अन्तर्जातीय फुपू–चेला, मामा–फुपुचेली विवाह भए पनि आफ्नै जातिभित्र विगोत्रीसित मात्र विवाह हुने चलन छ ।

## ८.३ स्याङ्जा जिल्लाको नक्शा



## ८.४ श्री कृष्ण गण्डकी गा.वि.स. को नक्सा




■ सार्की जातिको बसोबास भएको स्थान

# सन्दर्भ सामग्री


- ईन्सेक, (२०५३) *सार्की जातिको परिचय,* काठमाडौं, नेपाल ।
- *केन्द्रीय तथ्याङ्क विभाग, (२०११)* नेपालमा जनसंख्या तथ्याङ्कका श्रोतहरू, थापाथली, काठमाडौं।
- *कृष्ण गण्डकी गा. वि. स. प्रोफाइल* (२०६८) स्याङ्जा, नेपाल ।
- *कृष्ण गण्डकी गा.वि.स. प्रोफाइल* (२०६९) स्याङ्जा, नेपाल ।
- खड्का, चन्चला (२०६७) *सार्की जातिको जीवनशैली र परिवर्तन,* ललितपूर जिल्ला लुभू गा. वि.स.को शोधपत्र समाजशास्त्र विभाग, कीर्तिपुर ।
- खत्री, प्रेमकुमार (वि.सं. २०४४) *नेपाली समाज र संस्कृति,* साझा प्रकाशन, काठमाडौं ।
- गिरी, कुबेर (२०५७) *सार्की जातिको सामाजिक, संस्कृतिक, तथा आर्थिक अवस्था,* ललितपुर जिल्ला गोदावरी गा.वि.स.को समाजशास्त्रीय अध्ययन, पाटन संयुक्त क्याम्पस, पाटनढोका ।
- चौधरी, विष्णुदेव (२०४८) *नेपाली जातिय लोक संस्कृति एक अवलोकन,* काठमाडौं ।
- दाहाल, यज्ञरत्न *(२०६१) प्राथमिक विद्यालयमा दलित बालवालिकाहरूको शिक्षामा सहयोगिता,* कीर्तिपुर, काठमाडौं ।
- नेपाल सरकार,*नेपालको अन्तरिम संविधान* (२०६३) कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।
- पाण्डे, मधुसुदन (वि.सं. २०६०) *नेपालका जनजातिहरू,* पैरवी प्रकाशन, काठमाडौं ।
- बिष्ट, डोर बहादुर (२०३०) *सवै जातको फुलवरी,* साझा प्रकाशन, काठमाडौं ।
- मानव अधिकार (१९९३) *मानव अधिकार बर्ष पूस्तक,* अनौपचारिका क्षेत्र सेवा केन्द्र इन्सेक, काठमाडौं ।
- मुलुकी ऐन (२०२०) *नेपाल कानुन किताब व्यबस्था,* काठमाडौं ।
- राष्ट्रिय दलित आयोग (बुलेटिन २०६०)*नेपालमा दलित समुदायको स्थिति,* थापाथली काठमाडौं ।
- रोका, जवाहर (२०४४) *छोइछिटो मइन प्रिन्ट्स,* रंगेली रोड, विराटनगर ।
- विश्वकर्मा, रत्न बहादुर (२०५७) *दलित मुक्तिको प्रश्न,* पोखरा ।
- सिलवाल, विनोद (२०५८) *सार्की जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवर्तन* गोठाटार गा.वि.स.को समाजशास्त्रीय अध्ययन, त्रि.वि. काठमाडौ ।
- त्रिपाठी, वासुदेव र अन्य,*नेपाल बृहत शव्दकोष* (२०६३) नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

- त्रिपाठी, श्रीजना (२०६८) *सार्की जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्था र परिवर्तन,* कालिका गा.बि.स.को समाजशास्त्रीय अध्ययन, पद्मकन्या क्याम्पस, काठमाडौं।
- Blaikie ,P. Cameron, J. and Seddon, D. (1980). *Peasant and Workers in Nepal,* Vikas Publication House, Delhi.
- Bista, Dor Bahadur(1990). *People of Nepal,* Kathmandu, Ratna Pustak Bhandar.
- Caplan, AP (1972). Prests and cobblers: *A study of social change in Hindu village in western Nepal,* London Inter text Book.
- Gaige, Frederick (1975). *Regionalism and National Unity in Nepal,* Berkely: University of California Press.
- Gurung, Harka (1990). *Ethnic Demography of NEFAS,* KTM Nepal.
- Hofer, A (1979). *The caste hierarchy and state in Nepal Study of Muluki Ain of (1854)* Innsbrock Universitusuer Lang Wagner.

# अर्न्तवार्ता-अनुसूची

१. अनुसन्धानका क्रममा सोधिएका प्रश्नहरू

सुचनादाताको बिवरण

नामः- पेशाः-

लिङ्गः- शिक्षाः-

उमेरः- बैवाहिक स्थितिः-

धर्मः- वडा नं.:-

२. परिवार विवरण

| क.सं. | उत्तरदाताको नाम | उमेर | लिङ्ग | शिक्षा | पेशा | वैवाहिक अवस्था | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ............................................................................................................................ | | | | | | | | |

**सामाजिक अवस्था**

३. तपाईको घरमा को घरमुली हुनुहुन्छ ?

क) महिला ☐ ख) पुरुष ☐

४. तपाईको पूर्ख्यौली थलो कहाँ हो ?

..........................................

५. तपाईको परिवार संख्या कति छ ?

................................................

६. तपाइको सन्तान छन की छैनन ?

७. छन् भने कति जना छन् ?

८. परिवार नियोजन संवन्धी केहि कुरा जान्नु भएको छ ?

.........................................................

९. परिवार नियोजनका साधन प्रयोग गर्नु भएको छ की छैन ?

.........................................................

१०. छ भने कुन प्रकारको गर्नु भएको छ ?

क) स्थायी ☐ ख)अस्थायी ☐

११. नगर्नुको मुख्यकारण के हो ?

..........................................

१२. तपाईका घरमा माथिल्लो जातिका मानिसले पकाएको खानेकुरा खानुहुन्छ की खानुहुदैन ?

क) खाज्छन् ☐ ख) खादैनन् ☐

१३. खान्छन् भने कसरी खान्छन् ?

क) लुकिछिपी ☐ ख) हाकाहाकी ☐

१४. तपाईले आफुभन्दा तल्लो दलितको घरमा पकाएको खानेकुरा खानुहुन्छ की हुदैन ?

क) खान्छु ☐ ख) खादिन ☐

१५. तपाईको पिउने पानीको स्रोत कुन हो ?

क) कुवा ☐ ख) धारा ☐ ग) खोला ☐

१६. तपाईले आफुभन्दा तल्लो जातिलाई तपाईको घरमा काहाँसम्म आउन दिनु हुन्छ ?

.......................................................................

१७. तपाई विरामी पर्दा सर्वप्रथम उपचार गराउन कहाँ जानु हुन्छ ?

क) धामी झाक्री ☐ ख) घरेलु औषधी ☐ ग) निजी अस्पताल ☐

घ) स्वास्थ्य ☐ ङ) सरकारी अस्पताल ☐

१९ तपाईले छोरालाई कि छोरीलाई मह☐व दिनुहुन्छ ?

..........................................................

२०. छोरा छोरीलाई स्कुल पठाउनु भएको छ कि छैन ?

............................................................

२१ छ भने कस्तो कस्तो स्कुलमा पठाउनु भएको छ ?

क) सरकारी ☐ ख) वोडिङ्ग ☐

२२ तपाई कुनै पनि समुहमा आबद्ध हुनुहुन्छ कि हुनुहुदैन ?

...................................................................

२३ हुनुहुन्छ भने तपाईको समुहको नाम के हो ?

.......................................................

२४ तपाईको परिवारको संरचना कस्तो हो ?

क) एकात्मक ☐ संयुक्त ☐

**आर्थिक अवस्था**

१. तपाईको पुर्ख्यौलि पेशा के हो ?

..................................

२ तपाईको मुख्य पेशा के हो ?

..............................

३. तपाईको सहायक पेशा कुन हो ?

................................

४. तपाईको परिवारको नाममा रहेको जमिन कति छ ? (रोपनिमा)

.......................................................

५. तपाईले अर्काको जमिन कमाउनु भएकोछ की छैन ?

क) छ ख) छैन्

६ . छ भने कति हल जमिन कमाउनु भएको छ ?

...............................................

७. तपाईले कमाएको अन्नले कति समय खान पुग्छ

....................................................

८. तपाईले कमाएको अन्नले खान नपुग्दा कसरी जिविकोपार्जन गर्नु हुन्छ ?

.................................................

९. तपाईको घरको किसिम कस्तो छ

क) पक्की ख) पक्की / कच्ची ग) कच्ची

१०. तपाईको घरको बनावट कस्तो छ ?

क) भुई तला ख) एक तला ग) दुई तला

११. तपाईको घरको छाना कस्तो छ ?

क) टिनको ख) खरको ग) स्याउलाको घ) ढुंगा

१२. तपाईको शौचालय छ कि छैन ?

क) छ ख) छैन

१३. छ भने कस्तो शौचालय छ ?

क) पक्की ख) कच्ची

१४. तपाईको घरमा के के पशुपंक्षी कति कति संख्यामा पाल्नु भएको छ ?

...........................................................................................

१५. तपाईको वार्षिक आय कति हुन्छ ?

.............................................

१६. तपाईको वार्षिक खर्च कति हुन्छ ?

.........................................

१७. तपाईको के के संञ्चारका साधन छन ?

.............................................

१८. तपाईको कमाईले जीवन गुजारा कसरी चलको छ ?

क) राम्ररी ख) मूस्किलले ग) खान नै पुग्दैन

**सांस्कृतिक अवस्था**

१. तपाईको विवाह कसरी भएको हो ?

क) प्रेमविवाह ख) मागी विवाह

२. तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ की छैन ? छ भने कहिले र कुन जातिसँग भएको हो ?

..............................................................................................................................

३. तपाईका घरका सदस्य विदेश गएका छन् की छैनन् ? छन भने कुन देश गएका छन ?

...............................................................................................................

४. विदेश कसरी गएका छन ?

क) आफुखुशी ख) सल्लाह बमोजिम ग) अरुको लहलहैमा

५. तपाईले मनाउने चाडपर्व के के हुन ?

..................................................

६. ति चाड कहिले कहिले मनाउनु हुन्छ ?

.....................................................

७. तपाईको घरमा जन्म देखि मृत्युसम्म गरिने संस्कार के के हुन ?

.......................................................

८. तपाईले कुन कुन देवि देवताको पुजा गर्नु हुन्छ ?

.......................................................

९. तपाईले गर्ने जातिगत पूजाहरू के के हुन ?

........................................................

१०. मन्दिर भित्र गएर तपाईलाई पूजा गर्न दिन्छन् कि दिदैनन् ?

......................................................................

११. दिन्छन् भने मन्दिर छिरेर पूजा गर्न पाउदा तपाईलाई कस्तो लाग्छ ?

...........................................................................

१२. दिदैनन् भने पूजा गर्न नपाउदा तपाईलाई कस्तो लग्छ ?

..........................................................................

**मुख्य जानकार ब्यक्तिसंग सोध्ने प्रश्न**

१. यस जातिले मनाउने चाडपर्वमा के कस्तो परिवर्तन अएको छ ?

..........................................................................

२. तपाईको जातिमा सरसफाई, औषधि उपचार बिधिमा, रहनसहन, परिवारको संरचनामा, घरको बनावटमा, छुवाछुतमा के कस्तो परिवर्तन आएको छ ?

........................................................................

३. तपाईहरूले गर्ने जन्म, विवाह, मृत्यु संस्कार आदिमा के कस्तो परिवर्तन आएको छ ?

........................................................................

४. यस जातिको आर्थिक अवस्थामा पहिला र अहिलेमा के के परिवर्तन आएको छ ?

.........................................................................

५. परिवर्तन आउनका कारण के के हुन ?

...........................................

६ यस जातिको पेशामा, पशुपंछि पालन, संञ्चारका साधनमा तथा आय आर्जनमा के के परिवर्तन आएको छ ?

.........................................................

७. अहिले आएर आम्दानीका श्रोतमा परिवर्तन आएको छ नी ? यो परिवर्तन आउनका कारण के के हुन ?

.................................................................